# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स निर्वाचन कार्यविधि, २०७७

(पहिलो संशोधन २०८०)

## निर्वाचन अधिकृतको कार्यालय

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था**

आइक्यान मार्ग, सातदोबाटो, ललितपुर

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको पार्षद, अध्यक्ष, उपाध्यक्षको लागि हुने निर्वाचनको लागि

**नेपाल चार्टर्ड एकाउन्टेन्ट्स निर्वाचन कार्यविधि, २०७७ (पहिलो संशोधन २०८०)**
**पारित मिति : २०७७/१२/२०**
**पहिलो संशोधन मितिः २०८०/१२/२५**

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स निर्वाचन कार्यविधि, २०७७

पहिलो संशोधन: २०८०।१२।२५ (परिषदको ३२३औं बैठकबाट पारित)

## विषय सूची

क्रमसङ्ख्या विवरण


**परिच्छेद–१**
**प्रारम्भिक**

१. **नाम, विस्तार र प्रारम्भ:**

**परिच्छेद–२**
**निर्वाचन अधिकृत र मतदान अधिकृत**

२. **निर्वाचन अधिकृत:**

३. **सहायक निर्वाचन अधिकृत:**

४. **मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य सहायक कर्मचारीहरु:**

५. **अधिकार प्रत्यायोजन:**

६. **निर्वाचन अधिकृत निर्वाचन कार्यप्रति उत्तरदायी हुने:**

७. **निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार:**

८. **मतदान अधिकृतको काम, कर्तव्य र अधिकार:**

९. **नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको काम, कर्तव्य र अधिकार:**

१०. **काठमाडौं उपत्यकाभित्र र बाहिर निर्वाचन गर्ने मतदान विधि:**

**परिच्छेद–३**
**मतदाता नामावली**

११. **मतदाता:**

१२. **मतदाता नामावली:**

१३. **मतदाता नामावली प्रकाशित गर्ने:**

१४. **मतदाता नामावलीमा नाम समावेश गर्न दरखास्त दिने:**

१५. **नाम, थर, उमेर, ठेगाना आदि सच्याउन दरखास्त दिने**

१६. **मतदाता नामावलीमा संशोधन र प्रकाशन:**

१७. **मतदाताको नाम हटाउन विरोध गरी उजुरी दिने:**

१८. **उजुरीको जाँचबुझ गर्ने:**

१९. **अन्तिम मतदाता नामावली तयार गर्ने:**

२०. **अन्तिम मतदाता नामावली प्रकाशित गर्ने**

२१. **अन्तिम मतदाता नामावलीमा थपघट तथा हेरफेर गर्न नहुने**

२२. **मतदाता नामावली हेर्न र सार्न दिने:**


नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था २०५३

२३. मतदाता नामावली बिक्री गर्नेः

## परिच्छेद–४
## निर्वाचन कार्यक्रम

२४. निर्वाचन कार्यक्रम तयार गर्नेः

२५. निर्वाचन कार्यक्रमको विषयः

२६. निर्वाचन कार्यक्रम सञ्चालनसम्बन्धी सूचना प्रकाशित गर्नेः

## परिच्छेद–५
## उम्मेदवारको अयोग्यता र उम्मेदवारको मनोनयन

२७. उम्मेदवारको अयोग्यताः

२८. उम्मेदवारको मनोनयनः

२९. उम्मेदवारले मनोनयनपत्रसाथ निर्वाचन दस्तुर दाखिला गर्नुपर्नेः

३०. प्रतिनिधि मनोनयन वा वारेसः

३१. उम्मेदवारको मनोनयनपत्र दर्ता किताबः

३२. मनोनयनपत्र जाँच गर्ने समयमा उपस्थित हुन सूचना गर्नेः

३३. मनोनयनपत्र दर्ता गर्नुभन्दा पहिले जाच गर्नेः

३४. उम्मेदवारको सूची प्रकाशित गर्नेः

३५. उम्मेदवारको विरोधमा उजुरी दिन सकिनेः

३६. विपक्षीलाई सफाई पेश गर्न मौका दिनेः

३७. मनोनयनपत्र जाँच गर्नेः

३८. उम्मेदवारको रोहवरमा मनोनयनपत्रको जाँच गर्नेः

३९. उजुरीको निर्णय गर्नेः

४०. मनोनयनपत्र बदर गर्नेः

४१. सानोतिनो भूलचूकमा मनोयनपत्र बदर नहुनेः

४२. मनोनयनपत्र जाँच गर्ने काम स्थगित गर्न नहुने

४३. मनोनयनपत्रको जाँच स्थगित गर्न सकिने

४४. उम्मेदवारको नामावली प्रकाशित गर्नेः

४५. उम्मेदवारले नाम फिर्ता लिन सक्नेः

४६. नाम फिर्ताको दरखास्त फिर्ता नदिनेः

४७. नाम फिर्ता लिएको उम्मेदवारको नाम हटाउनेः

४८. उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्नेः

४९. निर्विरोध निर्वाचनः

५०. निर्विरोध निर्वाचित भएको घोषणा गर्ने:

५१. उम्मेदवारको मृत्यु भएमा मतदान स्थगित गर्ने:

५२. पुन: निर्वाचन कार्यक्रम प्रकाशित गर्ने

५३. निर्वाचन कार्यविधि पूरा गर्ने:

५४. पुन: मनोनयनपत्र दर्ता गराउनु नपर्ने:

५५. नाम फिर्ता लिने व्यक्तिको मनोनयनपत्र पुन: दर्ता हुन सक्ने:

५६. उम्मेदवारलाई परिचयपत्र दिने:

## परिच्छेद–६
## मतदानकेन्द्र र मतपेटिका

५७. मतदानकेन्द्र तोक्ने:

५८. मतदानकेन्द्र निर्माण गर्ने:

५९. मतपेटिकाको व्यवस्था:

६०. मतदानकेन्द्रको क्षेत्र तोक्ने:

६१. मतदानकेन्द्रको क्षेत्रभित्र प्रचार गर्न निषेध गरेको सूचना प्रकाशित गर्ने:

६२. मादक पदार्थको बिक्री वितरण निषेध गर्ने:

## परिच्छेद–७
## मतदान

६३. मतपेटिका, कलम, मसी, छाप, छापदानी आदि तयार गर्ने ।

६४. मतपत्रको सिलबन्दी प्याकेट खोल्ने:

६५. रित्तो मतपेटिका बन्द गर्ने:

६६. मतपत्रमा सही गर्ने:

६७. सही भएको मतपत्र मात्र उपलब्ध गराउने:

६८. मतदानको तयारी:

६९. मतदानकेन्द्रमा प्रवेश गर्न अनुमति:

७०. मतदानकेन्द्रमा प्रवेश गर्न नदिने:

७१. अशक्त मतदाताको साथमा जाने व्यक्तिलाई प्रवेश गर्न अनुमति दिने:

७२. मतदान प्रारम्भ गर्ने:

७३. मतदाताको नाम जाँच गरी रुजू गर्ने:

७४. मतदाताको परिचयपत्र हुनुपर्ने:

७५. मतदाताको सदस्यताको परिचयपत्रको आधारमा नाम रुजु गर्ने:

७६. मतपत्र दिने:

७७. मतपत्रको अधकट्टीमा मतदाताको सही गराउने:

७८. मतदान गर्ने:

७९. मतदान गरेको मतदाताहरुलाई बाहिर पठाउने:

८०. मत संकेत गर्ने गोप्य स्थान वा मतदान कक्षमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिने:

८१. अशक्त मतदातालाई सहायता दिने:

८२. मतदान गर्न प्राथमिकता:

८३. सानोतिनो भूलचुकमा मतदान गर्नदिने:

८४. मतदाताले नजानेको कुरा सिकाइदिने:

८५. मतपत्रबाहेक अन्य पदार्थ मतपेटिकामा खसाल्न नदिने:

८६. मतदानकेन्द्रबाट मतपत्र बाहिर लैजान वा नष्ट गर्न नदिने:

८७. नाम ढाँटी मतदान गर्ने व्यक्ति उपरको उजुरी:

८८. मतदाताले फिर्ता दिएको मतपत्रको लगत राख्ने:

८९. मतदानकेन्द्रको निरीक्षण गर्ने:

९०. मतदानकेन्द्रमा प्रवेश गर्ने मतदातालाई मतदान गर्न दिने:

९१. तोकिएको समयपछि मतदानकेन्द्रमा प्रवेश गर्न नदिने:

९२. मतदानको समय समापन नभएसम्म मतदानको कार्य समाप्त गर्न नहुने:

९३. मतपेटिकामा मतपत्र खसाल्ने प्वाल बन्द गर्ने:

९४. मतपत्रको फाँटवारी तयार गर्ने:

९५. मतपत्र तथा अन्य कागजात छुट्टाछुट्टै खाममा बन्द गर्ने:

९६. संकटकालमा मतदान स्थगित गर्न सकिने:

९७. पुन: मतदानको व्यवस्था:

९८. मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएमा प्रतिवेदन दिने:

९९. मतदानकेन्द्रमा अनधिकृत कब्जा भएमा प्रतिवेदन दिने:

१००. मतदानकेन्द्रमा र त्यसको नजिक शान्ति भङ्ग गर्न नदिने:

१०१. हात–हतियार लिएर हिँड्न वा प्रयोग गर्न नदिने:

१०२. उम्मेदवार वा निजको प्रतिनिधि मतपेटिकाको साथ लागी मतदान अधिकृतसँग आउन सक्ने:

१०३ मत भएको मतपेटिका लगायतका निर्वाचन सामग्री बुझाउने, बुझ्ने:

१०४ मतपेटिका बन्द गरेको सिलछाप टुटफुट भएमा गर्ने:

## परिच्छेद–८
## मतगणना

१०५. मतपेटिका राख्ने तथा मतगणना गर्ने ठाउँको व्यवस्था गर्ने:

१०६ मत भएको मतपेटिका सङ्कलन गरी सुरक्षित राख्ने:

१०७ मतगणनाको प्रबन्ध:

१०८ मतगणना प्रारम्भ हुने सूचना प्रकाशित गर्ने:

१०९ मतगणना गर्ने स्थान:

११० मतगणना गर्ने स्थानमा मतगणना प्रतिनिधि राख्ने:

१११. मतगणना गर्ने स्थानमा प्रवेश:

११२. अनुमतिपत्र दिने:

११३ मादक पदार्थ सेवन गरेको व्यक्तिलाई प्रवेश गर्न नदिने:

११४. हतियार लिएको व्यक्तिलाई प्रवेश गर्न नदिने:

११५. निर्धारित समयमा मतगणना सुरु गर्ने:

११६. सबै मतदानकेन्द्रको मतपत्र एकसाथ गणना गर्ने:

११७. मतपेटिकाको जाँच गर्ने:

११८. मतगणनाको प्रक्रिया:

११९ प्रतिनिधिलाई मतपत्र देखाउने:

१२०. बदर मतपत्र:

१२१. मतगणना:

१२२. सदर र बदर मतपत्र अलग–अलग खाममा बन्द गर्ने:

१२३. मतगणना लगातार गर्ने:

१२४. मतगणना समाप्त हुनुभन्दा पहिले मतगणनाको काम स्थगित गर्न सकिने:

१२५. बाधा गर्नेलाई मतगणना गर्ने स्थानबाट हटाउने:

१२६. मतगणना समाप्त हुनुभन्दा अघि मतपत्र नोक्सान भएमा प्रतिवेदन दिने:

१२७. मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएमा प्रतिवेदन दिने:

१२८. पुन: मतगणना गर्न निवेदन दिने:

१२९. पुन: मतगणना गर्ने:

१३० पुन: मतगणना नगर्ने भएमा सूचना दिने:

१३१. मत बराबर भएमा गोला हाली निर्णय गर्ने:

१३२. मतगणना समाप्त भएको मुचुल्का गर्ने:

१३३. मतगणना तालिका तयार गर्ने:

१३४. निर्वाचन परिणामको घोषणा:

१३५. प्रमाणपत्र दिने:

१३५क. शपथ ग्रहण

## परिच्छेद–९
## अध्यक्ष तथा उपाध्यक्षको निर्वाचन

१३६. प्रत्येक आषाढमा अध्यक्ष र उपाध्यक्षको निर्वाचन:

१३७. निर्वाचन प्रक्रिया:

१३८. मतदानकेन्द्र

१३९ निर्वाचन मिति तोक्ने:

१४०. उम्मेदवारको अयोग्यता:

१४१. उम्मेदवार मनोनयन गर्ने:

१४२. मनोनयनपत्र दाखिला गर्ने:

१४३. मतदानको तरिका:

१४४. निर्वाचनसम्बन्धी अन्य प्रक्रिया:

१४५. मतगणना गर्ने गरिका:

## परिच्छेद–१०
## विविध

१४६. प्रचार गर्न निषेध गरेको जानकारी गराउने:

१४७. उम्मेदवार हुन निर्वाचन दस्तुर बुझाउनुपर्ने:

१४८. निर्वाचन खर्चको विवरण लिने:

१४९. मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य सहायक कर्मचारी नियुक्ति गर्ने:

१५०. मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारीलाई प्रशिक्षण दिने:

१५१. सहायकलाई मतदानसम्बन्धी कामको जानकारी गराउने:

१५२. मतदान अधिकृतको अशक्ततामा काम गर्ने:

१५३. सुरक्षा व्यवस्था:

१५४. निर्वाचन प्रतिनिधिको नियुक्ति:

१५५. मतदान प्रतिनिधिको नियुक्ति:

१५६. मतगणना प्रतिनिधिको नियुक्ति:

१५७. अनुमतिपत्र कायम रहने

१५८. उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभए पनि निर्वाचनको काम नरोकिने

१५९. निर्वाचनसम्बन्धी कागजात हेर्न सकिने:

१६०. निर्वाचनसम्बन्धी कागजात गोप्य राख्ने:

१६१. गोप्य कागजात अदालतले हेर्न सक्ने ।

१६२. गोप्यता भङ्ग गर्न नहुने:

१६३. अनुसूचीहरु आवश्यकता बमोजिम प्रयोग हुने:

१६४ कानून विपरीत कुनै काम नगर्ने:

१६५. मद्दत लिन सकिने:

१६६. विभागीय कारबाही वा सजाय:

१६७. संक्षिप्त निर्वाचन कार्यविधि:

१६८. कानूनबमोजिम हुने:

१६९. संशोधन:

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स निर्वाचन कार्यविधि, २०७७
## (पहिलो संशोधन २०८०)

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन अधिकृतले परिषद्‌को स्वीकृति लिई यो निर्वाचन कार्यविधि बनाएको छ ।

### परिच्छेद–१
### प्रारम्भिक

१. **नाम, विस्तार र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नेपाल चार्टर्ड एकाउन्टेन्ट्स निर्वाचन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ बमोजिम निर्वाचन हुने पार्षद, अध्यक्ष र उपाध्यक्षको निर्वाचनका लागि लागू हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

### परिच्छेद–२
### निर्वाचन अधिकृत र मतदान अधिकृत

२. **निर्वाचन अधिकृतः** (१) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (यसपछी संस्था भनिएको) को पार्षद, अध्यक्ष, उपाध्यक्षको निर्वाचनको कार्य सञ्चालनको निमित्त निर्वाचन अधिकृतको नियुक्ति नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ८७ बमोजिम हुनेछ ।

(२) निर्वाचन अधिकृतले आफूलाई तोकिएको पार्षद, अध्यक्ष, उपाध्यक्षको निर्वाचनको कार्य निर्वाचन कार्यविधि बनाई सोही बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

(३) निर्वाचन अधिकृतले नियुक्ति भएको एक हप्ताभित्र आफ्नो कार्यालय स्थापना गर्नुपर्दछ । कार्यालय स्थापना भएको ५ दिनभित्र निर्वाचन अधिकृतको कार्यालयको स्थापना भएको सूचना राष्ट्रिय पत्रपत्रिका मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

३. **सहायक निर्वाचन अधिकृतः** (१) निर्वाचन अधिकृतले निर्वाचनको कार्य सञ्चालनको प्रयोजनको लागि एक सहायक निर्वाचन अधिकृत नियुक्त गर्नसक्नेछ ।

(२) निर्वाचन अधिकृतले सहायक निर्वाचन अधिकृत नियुक्त गर्दा नेपाल सरकारको वा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अधिकृतस्तरका कर्मचारीहरुलाई सहायक निर्वाचन अधिकृतको पदमा नियुक्त गर्नुपर्नेछ ।

(३) सहायक निर्वाचन अधिकृतले निर्वाचन अधिकृतको प्रत्यक्ष नियन्त्रणमा रही निजको निर्देशनबमोजिम निर्वाचनसम्बन्धी कार्य सञ्चालन गर्न सक्नेछ ।

४. **मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य सहायक कर्मचारीहरुः** (१) निर्वाचन अधिकृतले निर्वाचनसम्बन्धी कार्य सञ्चालन गर्नको लागि नेपाल सरकारका वा संस्थाका अधिकृत कर्मचारीलाई मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कार्यको लागि नेपाल सरकारका वा संस्थाका सहायक कर्मचारीहरु नियुक्त गरी काम सम्पन्न गर्न सक्नेछ ।

(२) निर्वाचन अधिकृत वा सहायक निर्वाचन अधिकृतको प्रत्यक्ष नियन्त्रण एवं निर्देशनमा रही मतदान अधिकृतले मतदानसम्बन्धी सम्पूर्ण कार्य स्वतन्त्र र निष्पक्ष भई सञ्चालन गर्नुपर्नेछ ।

(३) सहायक मतदान अधिकृत र अन्य सहायक कर्मचारीहरुले मतदान अधिकृतको प्रत्यक्ष नियन्त्रण एवं निर्देशनमा रही मतदानसम्बन्धी सम्पूर्ण कार्य स्वतन्त्र र निष्पक्ष भई सञ्चालन गर्नुपर्नेछ ।

५. **अधिकार प्रत्यायोजन:** निर्वाचन अधिकृतले आफूलाई प्रदत्त निर्वाचनसम्बन्धी सम्पूर्ण वा केही अधिकार सहायक निर्वाचन अधिकृत र निर्वाचनको काममा नियुक्त कर्मचारीलाई प्रत्यायोजन गर्नसक्नेछ ।

६. **निर्वाचन अधिकृत निर्वाचन कार्यप्रति उत्तरदायी हुने:** निर्वाचन अधिकृतको पदमा नियुक्त भएको व्यक्ति निर्वाचनसम्बन्धी सम्पूर्ण कामको लागि उत्तरदायी हुनेछ ।

७. **निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार:** निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः–

(क) परिषद्/संस्थासँग छलफल गरी निर्वाचनसम्बन्धी कार्यक्रम तय गर्ने र सोही बमोजिम क्रमबद्ध निर्वाचन समय तालिका तयार गरी प्रकाशन गर्ने/गराउने ।

(ख) मतदाता नामावली प्रकाशन गर्ने ।

(ग) मतदानकेन्द्र तोकी सोको सूचना प्रकाशन गर्ने । मतदान केन्द्रको निरीक्षण गर्ने, र मतदान कार्य तोकिएका मतदानकेन्द्रमा गराउन आबश्यक व्यबस्था मिलाउने ।

(घ) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट मतपत्र, ऐन, नियम, कार्यविधि, अनुसूची फाराम, मतदाता नामावली, मतपेटिका, मतसंकेत गर्ने कलम, मसी, छाप, छापदानी लगायतका निर्वाचनसम्बन्धी आवश्यक सामग्रीहरु उपलब्ध गर्ने ।

(ङ) निर्वाचन कार्यक्रमको समय तालिकाअनुसार निर्वाचनसम्बन्धी कार्यक्रमहरु सम्पन्न गर्ने/गराउने । मतदानको दिन मतदान केन्द्रको निरीक्षण, अनुगमन गर्ने, निर्वाचन स्वच्छ, निश्पक्ष र मर्यादित बनाउन निर्देशन दिने ।

(च) मतदानकेन्द्रमा आवश्यक पर्ने जनशक्ति र निर्वाचन अधिकृतको कार्यालयको लागि दरबन्दी निश्चित गर्ने र सो अनुसार आवश्यकता पर्ने जनशक्ति परिषद्/संस्थाबाट उपलब्ध गर्ने ।

(छ) सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई निर्वाचन तथा मतदानसम्बन्धी सम्पूर्ण प्रक्रियाको जानकारी गराउन प्रशिक्षण दिने ।

(ज) सहायक निर्वाचन अधिकृत र मतदान अधिकृतहरुको टोलीलाई निर्वाचनमा गर्नुपर्ने कार्यको जानकारी दिने र निर्वाचन कार्यक्रम सुरु र सम्पन्न गर्ने विधिको जानकारी गराउने ।

(झ) मतदान केन्द्रमा खटिने अधिकृत तथा कर्मचारीहरुको टोलीलाई आवश्यक पर्ने मतदाता नामावली, मतपत्र, मतपेटिका, मतसंकेत गर्ने कलम, मसी, छाप, छापदानी, लाहामा लगाउने छाप लगायत अन्य निर्वाचन सामग्री आपूर्ति गर्ने गराउने ।

(ञ) मतगणना कार्य परिषद्/संस्थाको कार्यालय रहेको स्थान वा अन्य उपयुक्त सुरक्षित स्थानमा गर्ने व्यवस्था मिलाउने,

(ट) मतदान कार्य समाप्त भएपछि मतगणना गर्न तोकिएको स्थानमा मतदानकेन्द्रबाट मतपेटिका सङ्कलन गर्ने व्यवस्था मिलाउने ।

(ठ) मतदानको मतगणना गर्ने स्थान र कर्मचारी एवं मतपेटिका सुरक्षाको प्रबन्ध मिलाउने ।

(ड) सबै मतपेटिका सङ्कलन भएपछि मतगणना गर्ने र निर्वाचन परिणामको घोषणा गर्ने ।

(ढ) निर्वाचन परिणाम घोषणा भएपछि विजयी उम्मेदवारहरुलाई प्रमाणपत्र दिने ।

(ण) निर्वाचन सम्पन्न भएपछि निर्वाचन अधिकृतको कार्यालयले सम्पूर्ण मालसामानहरु र कागजातहरु संस्थाको कार्यालयमा बुझाइदिने ।

(त) निर्वाचनसम्बन्धी आबश्यक आदेश/निर्देशनहरु जारी गर्ने । निर्वाचन सम्बन्धी काममा निर्वाचन अधिकृतले जारी गरेका आदेश, निर्देशनहरु सम्बन्धित सबैले पालना गर्नपर्दछ ।

(थ) निर्वाचनसम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

(द) निर्वाचन आचारसंहिता जारी गर्ने र पालना गर्ने गराउने सम्बन्धमा निर्वाचन अधिृतलाई देहाय बमोजिम अधिकार रहने छः

(१) उम्मेदवार वा निजका प्रतिनिधिको लागि जारी गरेको आचारसंहिता पालना गर्न लगाउने । निर्वाचन आचारसंहिता पालना गर्नुपर्ने कर्तव्य भएका पार्षद, कर्मचारी, संस्था वा सम्बन्धित व्यक्ति सबैले आचारसंहिता पालना गर्नुपर्ने ।

(२) खण्ड (१) बमोजिम पालना गर्नुपर्ने कर्तव्य भएका व्यक्ति वा संस्थाबाट आचारसंहिता उल्लङ्घन भएको देखिए, बुझिए वा सुनिएमा त्यस्तो कार्यको तुरुन्त रोकथाम गर्न लगाउने ।

(३) खण्ड (२) बमोजिम निर्वाचन अधिकृतले दिएको आदेश पालना नगरेमा वा उमेद्वारबाट वारंवार आचार संहिता उल्लंघन गरेमा निर्वाचन अधिकृतले निज उमेद्वारको मनोनयन खारेजी गर्न सक्नेछ ।

ध*. यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निर्वाचन अधिकृतले परिषद संग परामर्श गरी परिषदका पार्षद तथा अध्यक्ष एवं उपाध्यक्षको निर्वाचनको प्रयोजनको लागि पार्षद वा अध्यक्ष एवं उपाध्यक्षमध्ये कुनै वा सबै पदहरुको मतदान प्रयोजनको लागि विद्युतीय उपकरण र/वा इन्टरनेटको माध्यमबाट समेत मतदान सम्पन्न गराउन सक्नेछ ।

८. **मतदान अधिकृतको काम, कर्तव्य र अधिकारः** मतदान अधिकृतले सामान्यतया देहायका कामहरु सम्पन्न गर्नुपर्नेछः–

(क) निर्वाचन अधिकृतले निर्धारण गरे बमोजिमको गोष्ठीमा भाग लिने,

(ख) आफू खटिएको मतदानकेन्द्रमा मतदान सम्बन्धि आबश्यक व्यबस्था मिलाउने, खटाइएका कर्मचारीहरुलाई समूहबद्ध तथा कार्यबिभाजन गरी मतदानसम्बन्धी कार्य गर्ने गराउने,

(ग) निर्वाचनका लागि आवश्यक पर्ने मतपत्र, मतपेटिका, मतदाता नामावली, निर्वाचन सम्बन्धी नियम, कार्यविधिहरु, मतसंकेत गर्ने कलम, मसी, छाप, छापदानी, लाहा, लाहामा लगाउने छाप, मैन, सलाई विभिन्न अनुसूची तथा फाराम आदि निर्वाचन सामग्रीहरु रुजु एवं जाँच गरी मतदानकेन्द्रमा राख्ने,

(घ) निर्वाचन अधिकृतबाट अख्तियारी पाएबमोजिम यो कार्यविधि अनुसार काम निष्पक्ष रुपमा गर्ने,

(ङ) निर्वाचन अधिकृतबाट भएको अधिकार प्रत्यायोजन समेतको अधीनमा रही यस कार्यविधि र मतदान अधिकृतले गर्नुपर्ने भनी तोकिएको अनुसार निर्वाचनसम्बन्धी सम्पूर्ण कामहरु गर्ने,

(च) निर्वाचन अधिकृतले समय–समयमा दिएका आदेश/निर्देशनको पालना गर्ने ।

९. **नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको काम, कर्तव्य र अधिकारः** संस्थाको कार्यालयले निर्वाचनको सन्दर्भमा निम्नलिखित कार्यहरु सम्पन्न गर्नुपर्नेछः–

(क) निर्वाचन कार्यको लागि निर्वाचन अधिकृतबाट अनुरोध गरे बमोजिम निर्वाचन कार्यमा सहयोग गर्न संस्थाको कुनै एक अधिकृतलाई सहायक निर्वाचन अधिकृत भई काम गर्ने गरी निर्वाचन अधिकृतको कार्यालयमा काजमा खटाई दिनुपर्दछ ।

(ख) निर्वाचन अधिकृतको अनुरोध बमोजिम संस्थाका अन्य अधिकृत तथा सहायक कर्मचारीहरु निर्वाचन अधिकृतको कार्यालय स्थापना भएपछि यो कार्यविधि बमोजिम कार्य गर्न निर्वाचन अधिकृतको कार्यालयमा काजमा खटाई दिनुपर्दछ ।

* पहिलो संशोधनद्वारा थप गरिएको ।

(ग) संस्थाका कर्मचारीहरुले निर्वाचन अधिकृतको कार्यालयको काममा बाधा नपर्ने गरी आफूलाई तोकिएको कार्य गर्नुपर्नेछ ।

(घ) संस्थामा रहेका मतपेटिकाहरुले मात्र मतदान गराउन पुग्छ, पुग्दैन र मर्मत सम्भार गरेर पुग्ने भए सो गराई चालू अवस्थामा राख्नुपर्नेछ । नपुग भएमा संस्थाले पुग्ने गरी व्यवस्था गर्नुपर्दछ ।

(ङ) निर्वाचनसम्बन्धी भए/गरेका कामहरुको सम्पूर्ण अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

(च) निर्वाचन सम्पन्न भएपछि निर्वाचन अधिकृतको कार्यालयबाट पठाएका सम्पूर्ण कागजात बुझिलिनुपर्नेछ ।

(छ) निर्वाचन परिणाम घोषणा भएपछि विजयी उम्मेदवारहरुलाई दिइने अनुसूची ७३ बमोजिमको प्रमाणपत्र निर्वाचन अधिकृतको कार्यालयबाट १ (एक) प्रति प्राप्त गरी अभिलेखको लागि सुरक्षितसाथ राख्नुपर्नेछ ।

(ज) निर्वाचन अधिकृतको कार्यालय सम्भव भएसम्म संस्थाको कार्यालय भएको भवनमा नै राखी आवश्यक पर्ने टेबुल, कुर्सी, दराज, टेलिफोन, फ्याक्स आदिको व्यवस्था मिलाइदिनु पर्नेछ ।

ज१*. निर्वाचन अधिकृतको कार्यालयबाट माग भई आएमा संस्थाले विद्युतीय उपकरण र/वा इन्टरनेटको माध्यमबाट मतदान गराउनको लागि आवश्यक व्यवस्था गरिदिनु पर्नेछ ।

(झ) निर्वाचनसम्बन्धी बजेटको व्यवस्था गरी निर्वाचन अधिकृतलाई जानकारी गराउनुपर्दछ ।

(ञ) निर्वाचन अधिकृतबाट माग भएको सहायता/सहयोग उपलब्ध गराउनु संस्थाको कर्तव्य हुनेछ ।

(ट) निर्वाचनको मिति घोषणा भई निर्वाचन अधिकृतको कार्यालयबाट जारी भएको निर्वाचन आचारसंहिताबमोजिम आचारसंहिता उल्लङ्घन भए/नभएको, उल्लङ्घन भएमा त्यसको यथासमयमा नै रोकथाम गर्ने/गराउने कार्यमा निर्वाचन अधिकृतको कार्यालयलाई सहयोग गर्नुपर्ने छ ।

१०. **<u>काठमाडौं उपत्यकाभित्र र बाहिर निर्वाचन गर्ने मतदान विधि:</u>** (१) पार्षद निर्वाचनमा मतदातालाई निर्वाचन अधिकृतले प्रत्यक्ष मतदान वा हुलाकमार्फत रीतपूर्वकको मतपत्र उपलब्ध गराई मतदान गराउनुपर्नेछ ।

(२) काठमाडौं उपत्यका बाहिर ठेगाना दिएका मतदाताको लागि हुलाकवाट मतपत्र उपलब्ध गराई हुलाकबाटै मतदान गराइनेछ ।

(३) हुलाकवाट मतदान गर्ने मतदातालाई मतदान गर्ने कार्यविधि छुट्टै बनाई खाली मतपत्रको साथमा राखी अनुसूची ८० बमोजिमको कार्यविधि पठाइनेछ ।

(४) काठमाडौं उपत्यकाभित्र ठेगाना दिएका मतदाताको लागि काठमाडौं स्थित मतदानकेन्द्रमा मतदान अधिकृतमार्फत मतपत्र उपलब्ध गराई मतदान गराइनेछ ।

(५) नेपालभित्र हुलाकबाट मतदान गर्ने क्रममा नेपाल सरकारवाट संचालित हुलाक सम्वन्धी सेवाहरु लाइ मात्र मान्यता दिइनेछ ।

(६) हुलाकबाट प्राप्त हुने मतपत्रहरु प्रत्यक्ष मतदानको अघिल्लो दिनको अपरान्ह ३.०० बजेसम्म प्राप्त मतपत्रहरु मात्र मान्य हुने छ ।

(७)* नेपाल बाहिर मतपत्र पठाउंदा वा मतपत्र प्राप्त गर्ने क्रममा सरकारी, नीजि जुनसुकै हुलाक, कुरियर मार्फत प्राप्त मतपत्र वा विद्युतीय वा इन्टरनेटको माध्यमबाट मतदान गर्न सकिने व्यवस्था

---

* पहिलो संशोधन

गरिएको खण्डमा निर्वाचन अधिकृतले तोकेको प्रविधि वा माध्यमबाट प्राप्त मतपत्र वा मत संकेतलाई स्वीकार गर्न सकिनेछ ।।

(८)* निर्वाचन अधिकृतले विद्युतीय उपकरण वा इन्टरनेटको माध्यमबाट समेत मतदान गर्न सकिने व्यवस्था गरेको खण्डमा त्यस्ता माध्यमबाट गरिने मतदान विधि, मत संकेत, मतको मान्यता सम्बन्धी अन्य व्यवस्था निर्वाचन अधिकृतको परामर्शमा परिषदले तोके बमोजिम हुनेछ ।

## परिच्छेद–३
## मतदाता नामावली

११. **मतदाताः** (१) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐनको दफा ७ को उपदफा (३) को खण्ड (क) बमोजिमका परिषद्का सदस्य (पार्षद) हरुको निर्वाचनमा चार्टर्ड एकाउन्टेन्ट सदस्यहरु मात्र मतदाता हुनेछन् ।

(२) ऐनको दफा ७ को उपदफा (३) को खण्ड (ख) बमोजिमका परिषद्का सदस्यहरुको निर्वाचनमा दर्तावाला लेखापरीक्षक सदस्यहरु मात्र मतदाता हुनेछन् ।

१२. **मतदाता नामावलीः** (१) पार्षदको निर्वाचनको लागि संस्थाले अनुसूची १ बमोजिमको ढाँचामा मतदाता नामावली तयार गरी निर्वाचन अधिकृतलाई उपलब्ध गराउनुपर्दछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको मतदाता नामावलीमा निर्वाचन अधिकृतले आफ्नो हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

१३. **मतदाता नामावली प्रकाशित गर्नेः** (१) निर्वाचन अधिकृतले मतदाता नामावली प्रकाशित गर्दा मिति र समय खुलाई आफ्नो कार्यालयमा अनुसूची २ बमोजिम प्रकाशित गर्नुपर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतदाता नामावली प्रकाशित गर्दा सो मतदाता नामावली प्रकाशित गरेको सूचनामा निम्नलिखित कुराहरु स्पष्ट उल्लेख गर्नुपर्नेछः

(क) मतदाता नामावलीमा नाम समावेश हुन छुटेको व्यक्तिले आफ्नो नाम समावेश गर्नको लागि दरखास्त दिने मिति र समय ।

(ख) मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले आफ्नो नाम, थर, ठेगाना आदि विवरण सच्याउन दरखास्त दिने मिति र समय ।

(ग) संशोधित मतदाता नामावली प्रकाशित गर्ने मिति र समय ।

(घ) संशोधित मतदाता नामावलीमा उल्लिखित मतदाताको विरोधमा उजुरी दिने मिति र समय ।

(ङ) खण्ड (ख) बमोजिमको उजुरी उपर जाँचबुझ गर्ने मिति र समय ।

(च) अन्तिम मतदाता नामावली प्रकाशित गर्ने मिति र समय ।

(३) उपदफा (१) बमोजिम मतदाता नामावली प्रकाशित गर्ने प्रयोजनको लागि सो मतदाता नामावली सम्बन्धित सबै व्यक्तिहरुले हेर्न पाउने गरी निर्वाचन अधिकृतको कार्यालयमा खुला रुपमा उपलब्ध गराउनुपर्नेछ ।

(४) उपदफा (१) को प्रयोजनको लागि मतदाता नामावली प्रकाशन गरी मतदाता नामावली प्रकाशित गरेको अनुसूची ३ बमोजिमको मुचुल्का गर्नु/गराउनुपर्नेछ ।

१४. **मतदाता नामावलीमा नाम समावेश गर्न दरखास्त दिनेः** (१) मतदाता नामावलीमा नाम समावेश नभएको व्यक्तिले आफ्नो नाम समावेश गर्नको लागि तोकिएबमोजिम अनुसूची ४ को ढाँचामा दरखास्त दिनपर्नेछ ।

---

* पहिलो संशोधनबाट थप गरिएको

(२) उपदफा (१) बमोजिम दरखास्त दर्ता गराउन ल्याएमा निर्वाचन अधिकृतले सो दरखास्त अनुसूची ५ बमोजिमको दर्ता किताबमा दर्ता गरिदिनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम दरखास्त दिँदा दरखास्तवाला स्वयं वा निजको प्रतिनिधि निर्वाचन अधिकृत समक्ष उपस्थित भई दरखास्त दिनसक्नेछ ।

१५. **नाम, थर, उमेर, ठेगाना आदि सच्याउन दरखास्त दिने :** (१) दफा १३ को उपदफा (१) बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम, थर, उमेर, ठेगाना वा अन्य व्यहोरामा त्रुटि वा लेखाइं वा छपाईको त्रुटि सच्याउन सोही दफाको उपदफा (२) बमोजिमको खण्ड (ख) बमोजिम तोकिएको मिति र समयमा अनुसूची ६ बमोजिमको ढाँचामा निर्वाचन अधिकृत समक्ष दरखास्त दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता गराउन ल्याएको दरखास्त निर्वाचन अधिकृतले बुझी लिई अनुसूची ७ बमोजिमको ढाँचाको दर्ता किताबमा दर्ता गरी दरखास्तवालालाई दर्ता भएको निस्सा दिनुपर्नेछ ।

१६. **मतदाता नामावलीमा संशोधन र प्रकाशनः** (१) दफा १३ को उपदफा (१) बमोजिम प्रकाशित मतदाता नामावलीमा उल्लिखित विवरण सच्याउन दफा १५ बमोजिम दरखास्त दिने मतदाताहरुको विवरण सच्याउँदा निर्वाचन अधिकृतले दरखास्तवालाले दरखास्तमा उल्लेख गरेको विवरणअनुसार जांचबझ गर्दा बिवरण ठिक देखिएमा मतदाता नामावली सच्याउनुपर्नेछ ।

(२) मतदाता नामावलीमा नाम समावेश गर्न दफा १४ बमोजिम दर्ता हुन आएको दरखास्त निर्वाचन अधिकृतले जाँचबुझ गर्दा रीत पुगेको र कानूनबमोजिम मतदाता हुन योग्यता पुगेको देखिएमा त्यस्तो दरखास्तवालाको नाम मतदाता नामावलीमा समावेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम संशोधन गरिएको मतदाता नामावली निर्वाचन अधिकृतले दुई प्रति तयार गरी एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा अनुसूची ८ बमोजिम प्रकाशन गर्नुपर्नेछ ।

१७. **मतदाताको नाम हटाउन विरोध गरी उजुरी दिनेः** (१) दफा १६ बमोजिम प्रकाशित संशोधित मतदाता नामावलीमा नाम समावेश भएको मतदाताको विरोध गरी अर्को कुनै मतदाताले उजुर गर्न चाहेमा दफा १३ को उपदफा (२) को खण्ड (घ) बमोजिम मतदाता नामावली प्रकाशनसम्बन्धी कार्यक्रमको सूचनामा तोकिएको मिति, समयमा अनुसूची ९ बमोजिमको उजुरी दरखास्त निर्वाचन अधिकृत समक्ष दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाता नामावलीमा विरोध गर्दा जुन मतदाताको सम्बन्धमा विरोध गरी उजुरी दिइने हो सोही मतदाता नामावलीमा नाम समावेश भएको मतदाताले मात्र यस दफाबमोजिम उजुरी गर्नसक्नेछ ।

(३) उपदफा (१) बमोजिमको उजुरी दिन ल्याएमा निर्वाचन अधिकृतले सो उजुरी अनुसूची १० बमोजिमको दर्ता किताबमा दर्ता गरी निज उजुरवालालाई दर्ता भएको निस्सा दिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम उजुरी दिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम दर्ता भएका उजुरीहरुको सूची अनुसूची ११ बमोजिम दुई प्रति तयार गरी एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गर्नुपर्नेछ ।

१८. **उजुरीको जाँचबुझ गर्नेः** (१) दफा १७ बमोजिमको उजुरीको सम्बन्धमा निर्वाचन अधिकृतले आवश्यक जाँचबुझ गरी निर्णय गर्नुपर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम जाँचबुझ गर्दा विपक्षीलाई आफ्नो सम्बन्धमा आवश्यक सबुद वा सफाई प्रस्तुत गर्न मनासिब मौका दिनुपर्नेछ ।

(३) निर्वाचन अधिकृतले उजुरी उपर जाँचबुझ गर्दा प्रमाण नभएको उजुरी उपर कुनै कारबाही गर्नुपर्ने छैन ।

१९. **अन्तिम मतदाता नामावली तयार गर्ने:** निर्वाचन अधिकृतले दफा १६ बमोजिमको मतदाता नामावलीमा समावेश भएको कुनै मतदाताको नाम दफा १७ बमोजिम परेको उजुरीको सम्बन्धमा दफा १८ बमोजिम जाँचबुझ गरी घटीमा ५ प्रति अन्तिम मतदाता नामावलीको रुपमा तयार गर्नुपर्नेछ ।

२०. **अन्तिम मतदाता नामावली प्रकाशित गर्ने:** (१) निर्वाचन अधिकृतले दफा १९ बमोजिम एक प्रति मतदाता नामावली दफा १३ को उपदफा (२) को खण्ड (च) बमोजिम मतदाता नामावली प्रकाशन सम्बन्धी कार्यक्रमको सूचनामा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृतको कार्यालयमा अन्तिम मतदाता नामावलीको रुपमा प्रकाशित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अन्तिम मतदाता नामावली प्रकाशित गरेको सूचना निर्वाचन अधिकृतले अनुसूची १२ बमोजिमको ढाँचामा आफ्नो कार्यालयमा सबैले देख्ने गरी प्रकाशित गर्नुपर्नेछ र सो सुचना प्रकाशित गरेको अनुसूची ३ बमोजिम मुचुल्का गर्नुपर्नेछ ।

(३) निर्वाचन अधिकृतले यस दफाबमोजिम प्रकाशित गरेको अन्तिम मतदाता नामावलीको पहिलो प्रति प्रकाशित गर्ने दोस्रो प्रति आफ्नो अभिलेखमा राख्ने र तेस्रो प्रति संस्थाको कार्यालयलाई दिनुपर्नेछ । चौथो र पाँचौ प्रति नामावली हेर्न, सार्न आउनेलाई उपलब्ध गराउनु पर्दछ ।

२१. **अन्तिम मतदाता नामावलीमा थपघट तथा हेरफेर गर्न नहुने:** दफा २० बमोजिम अन्तिम मतदाता नामावली प्रकाशित गरेपछि सो अन्तिम मतदाता नामावलीमा कुनै प्रकारको थपघट वा हेरफेर गर्न हुँदैन ।

२२. **मतदाता नामावली हेर्न र सार्न दिने:** (१) कुनै मतदाता, उम्मेदवार वा सरोकारवालाले मतदाता नामावली हेर्न वा सार्न चाहेमा निर्वाचन अधिकृतले निजलाई सो मतदाता नामावली च्यात्न, बिगार्न वा केरमेट गर्न नपाउने गरी हेर्न वा सार्न दिनसक्नेछ ।

(२) सरोकारवालाले आफैँले मतदाता नामावली सार्न लगाई नक्कल लैजाने अवस्थामा नक्कल बापत कुनै शुल्क लिनु हुँदैन ।

२३. **मतदाता नामावली बिक्री गर्ने:** उम्मेदवार वा सरोकारवालाले मतदाता नामावली खरिद गर्न चाहेमा निर्वाचन अधिकृतले सो मतदाता नामावली वा सिडी तोकिएको मूल्य लिई बिक्री गर्ने व्यवस्था गर्नसक्नेछ ।

## परिच्छेद–४
## निर्वाचन कार्यक्रम

२४. **निर्वाचन कार्यक्रम तयार गर्ने:** निर्वाचन अधिकृतले पार्षद तथा अध्यक्ष, उपाध्यक्ष निर्वाचनको लागि अलग–अलग निर्वाचन कार्यक्रम तयार गर्नुपर्नेछ ।

२५. **निर्वाचन कार्यक्रमको विषय:** निर्वाचन अधिकृतले दफा २४ बमोजिम प्रत्येक पदको निर्वाचन कार्यक्रम तयार गर्दा अनुसूची १३ बमोजिम निम्नलिखित कार्यक्रम क्रमबद्ध रुपमा उल्लेख गर्नुपर्नेछ र सो कार्यक्रम सञ्चालन गर्ने मिति, समय र स्थान समेत तोक्नुपर्नेछ ।

(क) उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने,

(ख) मनोनयनपत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशित गर्ने,

(ग) उम्मेदवारको विरोधमा उजुरी दिने,

(घ) मनोनयनपत्रको जाँच गर्ने र उजुरी उपर निर्णय गर्ने,

(ङ) उम्मेदवारको नामावली प्रकाशित गर्ने,

(च) उम्मेदवारले नाम फिर्ता लिने,

(छ) उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने, र

(ज) मतदान गर्ने ।

२६. **निर्वाचन कार्यक्रम सञ्चालनसम्बन्धी सूचना प्रकाशित गर्ने:** निर्वाचन अधिकृतले दफा २५ बमोजिमको निर्वाचन कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गरी अनुसूची १४ बमोजिमको ढाँचामा मुचुल्का गर्नुपर्नेछ ।

## परिच्छेद–५
## उम्मेदवारको अयोग्यता र उम्मेदवारको मनोनयन

२७. **उम्मेदवारको अयोग्यता:** देहायको व्यक्ति पार्षदको निर्वाचनमा उम्मेदवार हुन योग्य हुने छैन:

(क) मतदाता नामावलीमा नाम दर्ता नभएको,

(ख) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ को नियम ८९ बमोजिम अयोग्य भएको, ।

(ग) मगज बिग्रेको वा बहुलाएको,

(घ) प्रचलित कानूनले अयोग्य भएको ।

२८. **उम्मेदवारको मनोनयन:** (१) पार्षद, अध्यक्ष, उपाध्यक्ष निर्वाचनको लागि उम्मेदवार हुन योग्यता पुगेको व्यक्तिलाई अनुसूची १५ बमोजिमको मनोनयनपत्रमा एकजना मतदाताले प्रस्ताव गरी उम्मेदवार मनोनयन गर्नुपर्नेछ र अर्को एकजना मतदाताले सो प्रस्तावको समर्थन गर्नुपर्नेछ ।

(२) एक उम्मेदवारको प्रस्तावक र समर्थक भइसकेपछि अन्य उम्मेदवारको प्रस्तावक, समर्थक हुन पाइने छैन ।

(३) उम्मेदवारले अन्य उम्मेदवारको प्रस्तावक वा समर्थक हुन पाइने छैन ।

२९. **उम्मेदवारले मनोनयनपत्रसाथ निर्वाचन दस्तुर दाखिला गर्नुपर्ने:** दफा २८ बमोजिम उम्मेदवारको मनोनयनपत्र दाखिला गर्दा देहायबमोजिमको रकम दाखिला समेत गर्नुपर्नेछ:–

(क) पार्षद निर्वाचनमा चार्टर्ड एकाउन्टेन्ट उम्मेदवारले निर्वाचनको लागि दुई हजार रुपैयाँ,

(ख) पार्षद निर्वाचनमा दर्तावाला लेखापरीक्षक उम्मेदवारले निर्वाचनको लागि एक हजार रुपैयाँ,

(ग) अध्यक्ष वा उपाध्यक्ष प्रत्येकको निर्वाचनको लागि दुई हजार रुपैयाँ ।

३०. **प्रतिनिधि मनोनयन वा वारेस:** उम्मेदवार स्वयंले वा निजको अधिकार प्राप्त प्रतिनिधि/वारेसले मनोनयनपत्र निर्वाचन अधिकृत समक्ष तोकिएको मिति, समय र स्थानमा दर्ता गराउन सक्नेछ । उम्मेदवारले प्रतिनिधि/वारेस मनोनयन गरी मनोनयनपत्र दर्ता/जाँच गराउन चाहेमा अनुसूची १६ बमोजिम दरखास्त दिनुपर्दछ ।

३१. **उम्मेदवारको मनोनयनपत्र दर्ता किताब:** निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति र समयमा आफू समक्ष दर्ताको लागि दाखिल भएको मनोनयनपत्र अनुसूची १७ बमोजिमको दर्ता किताबमा दर्ता गरी सो दर्ता गरेको अनुसूची १८ बमोजिमको निस्सा मनोनयनपत्र दर्ता गराउने व्यक्तिलाई दिनुपर्नेछ ।

३२. **मनोनयनपत्र जाँच गर्ने समयमा उपस्थित हुन सूचना गर्ने:** दफा ३१ बमोजिम मनोनयनपत्र दर्ता गरेको निस्सा दिँदा सो निस्सामा मनोनयनपत्र जाँच गर्ने समयमा उम्मेदवार वा उम्मेदवारको अधिकार प्राप्त प्रतिनिधि/वारेस उपस्थित हुन सूचना दिनुपर्नेछ ।

३३. **मनोनयनपत्र दर्ता गर्नुभन्दा पहिले जाच गर्ने:** (१) निर्वाचन अधिकृतले आफू समक्ष दर्ताको लागि दाखिल भएको मनोनयनपत्र दर्ता गर्नुभन्दा पहिले देहायको आधारमा सो मनोनयनपत्रको जाँच गर्नुपर्नेछ:

(क) मनोयनपत्रमा मनोनीत उम्मेदवार, प्रस्तावक र समर्थकको सही हुनुपर्दछ,

(ख) निर्वाचन दस्तुर राखेको नगदी रसिद वा बैंक भौचर संलग्न हुनुपर्दछ,

(ग) प्रस्तावक वा समर्थक दोहोरिएको हुनुहुँदैन,

(घ) मनोनयनपत्रमा खुलाउनुपर्ने कुराहरु स्पष्ट गरी खुलाएको हुनुपर्दछ,

(ङ) पार्षदको उम्मेदवार हुने व्यक्तिले आफ्नो वा अरु उम्मेदवारको प्रस्तावक वा समर्थक हुनुहुँदैन ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको आधारमा मनोनयनपत्रको जाँच गर्दा सो मनोनयनपत्र रीत पुगेको छ छैन हेर्नुपर्नेछ र रीत नपुगेको भए रीत नपुगेको जति सच्याउन लगाउनुपर्नेछ । रीत नपुगेकोमा कारण खोली मनोनयनपत्र स्वीकृत हुन नसकेको व्यहोरा अनुसूची १९ बमोजिम उल्लेख गरी सम्बन्धितलाई सूचना दिनुपर्दछ ।

३४. **उम्मेदवारको सूची प्रकाशित गर्ने:** (१) निर्वाचन अधिकृतले मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि दफा ३१ बमोजिम मनोनयनपत्र दर्ता भएका सबै मनोनीत उम्मेदवारहरुको अनुसूची २० बमोजिम दुई प्रति सूची तयार गर्नुपर्नेछ र एक प्रति सूची निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गर्नुपर्नेछ ।

(२) प्रत्येक पदको उम्मेदवारको सूची अलग–अलग प्रकाशित गर्नुपर्नेछ ।

३५. **उम्मेदवारको विरोधमा उजुरी दिन सकिने:** (१) दफा ३४ बमोजिम प्रकाशित सूचीमा उल्लिखित उम्मेदवारको विरोधमा अर्को उम्मेदवार वा निजको अधिकार प्राप्त प्रतिनिधि/वारेसले उजुर गर्न चाहेमा अनुसूची २१ बमोजिमको उजुरी निर्वाचन अधिकृत समक्ष उल्लिखित मिति र समयमा दिनसक्नेछ ।

(२) कुनै एउटा श्रेणीको उम्मेदवारको विरोधमा उपदफा (१) बमोजिम उजुरी गर्ने उम्मेदवार सोही श्रेणीको उम्मेदवार हुनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम उजुर दर्ता गराउन ल्याएमा निर्वाचन अधिकृतले अनुसूची २२ बमोजिमको दर्ताकिताबमा दर्ता गरी अनुसूची २३ बमोजिमको भरपाई त्यस्तो उजुर दर्ता गराउने व्यक्तिलाई दिनुपर्नेछ ।

(४) निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित उजुरी दिने म्याद सकिएपछि निर्वाचन अधिकृतले उजुरीको व्यहोरा समेत उल्लेख गरिएको अनुसूची २४ बमोजिमको उजुरीको सूची दुई प्रति तयार गरी एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गर्नुपर्नेछ ।

३६. **विपक्षीलाई सफाई पेश गर्न मौका दिने:** दफा ३५ बमोजिम उजुरी दर्ता भएमा विपक्षीलाई आफ्नो सम्बन्धमा सफाई पेश गर्न निर्वाचन अधिकृतले मनासिब मौका दिनुपर्नेछ ।

३७. **मनोनयनपत्र जाँच गर्ने:** (१) निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति, समय र स्थानमा दफा ३१ बमोजिम दर्ता भएका सबै मनोनयनपत्रहरुको जाँच गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मनोनयनपत्रहरुको जाँच गर्दा कानूनबमोजिम रीत पुगेका मनोनयनपत्र स्वीकृत गर्नुपर्नेछ ।

३८. **उम्मेदवारको रोहवरमा मनोनयनपत्रको जाँच गर्ने:** (१) निर्वाचन अधिकृतले दफा ३७ बमोजिम मनोनयनपत्रको जाँच गर्दा सबै मनोनीत उम्मेदवार वा निजका प्रस्तावक वा समर्थक वा मनोनीत उम्मेदवारले लिखित रुपमा अधिकार दिएको प्रतिनिधि/वारेसको उपस्थितिमा सबै मनोनयनपत्रहरुको जाँच गर्नुपर्नेछ ।

(२) मनोनयनपत्र जाँच गर्दा निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति, समय र स्थानमा उम्मेदवार वा निजको प्रस्तावक वा सहायक वा प्रतिनिधि/वारेस अनिवार्य रुपमा उपस्थित रहनुपर्नेछ ।

(३) मनोनयनपत्र जाँच गर्न तोकिएको समयमा उपदफा (२) मा उल्लेख भएबमोजिम उपस्थित रहनुपर्ने व्यक्ति उपस्थित नभएमा पनि मनोनयनपत्र जाँच गर्ने काम रोकिने छैन र सो कारणले मात्र मनोनयनपत्र जाँच गर्ने काम अवैध हुनेछैन ।

(४) मनोनयनपत्र जाँच गर्ने सूचना अनुसूची २५ बमोजिम दुई प्रति तयार गरी एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गर्नुपर्नेछ ।

३९. **उजुरीको निर्णय गर्ने:** कुनै मनोनीत उम्मेदवारको योग्यता वा मनोनयनपत्रको रीत नपुगेको सम्बन्धमा दफा ३५ बमोजिम कुनै उजुरी दर्ता भएको रहेछ भने निर्वाचन अधिकृतले दफा ३७ बमोजिम मनोनयनपत्रको जाँच गर्दा सो उजुरीको सम्बन्धमा पनि आवश्यक जाँचबुझ गरी सो उजुरीउपर निर्णय गर्नुपर्नेछ ।

४०. **मनोनयनपत्र बदर गर्ने:** निर्वाचन अधिकृतले दफा ३७ बमोजिम मनोनयनपत्रको जाँच गर्दा वा दफा ३९ बमोजिम उजुरीउपर जाँच गर्दा देहायबमोजिमको अवस्थाको मनोनयनपत्र बदर गर्नुपर्नेछः

(क) उम्मेदवारको मनोनयनपत्रमा प्रस्तावक र समर्थकको सही नभएमा वा मनोनयन गरिएको उम्मेदवारको सही नभएमा,

(ख) दफा २९ बमोजिम निर्वाचन दस्तुर राखेको निस्सा संलग्न नभएमा,

(ग) उम्मेदवार, प्रस्तावक र समर्थक हुने व्यक्तिको नाम मतदाता नामावलीमा उल्लेख नभएमा,

(घ) मनोनयनपत्रमा खुलाउनुपर्ने कुरा नखुलाएमा,

(ङ) मनोनयनपत्र कानूनबमोजिम नभएमा ।

४१. **सानोतिनो भूलचूकमा मनोयनपत्र बदर नहुने:** मनोयनपत्रको जाँच गर्दा सो मनोनयनपत्रमा रहेको सानोतिनो भूलचूकको त्रुटिको कारणले मात्र सो मनोनयनपत्र बदर हुने छैन ।

*द्रष्टव्यः "सानोतिनो भूलचूक" भन्नाले मतदाता नामावलीमा वा मनोनयनपत्रमा उम्मेदवार, प्रस्तावक वा निजहरुसँग सम्बन्धित व्यक्तिको नाम, थर, उमेर, वतन वा क्रमसंख्याको लेखाई वा छपाईसम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको त्रुटि भएमा र सो त्रुटिले कुनै तात्विक फरक नपर्ने भएमा त्यस्तो त्रुटिलाई "सानोतिनो भूलचूक" सम्झनुपर्छ ।*

४२. **मनोनयनपत्र जाँच गर्ने काम स्थगित गर्न नहुने:** निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति, समय र स्थानमा मनोनयनपत्रको जाँच गर्ने काम प्रारम्भ गरिसकेपछि सबै मनोनयनपत्रको जाँच गर्ने कार्य सम्पूर्ण रुपमा समाप्त नगरी बीचमा स्थगित गर्न हुँदैन ।

४३. **मनोनयनपत्रको जाँच स्थगित गर्न सकिने** (१) निर्वाचन अधिकृतले देहायको अवस्थामा मनोनयनपत्रको जाँच गर्ने कार्य स्थगित गर्न सक्नेछः

(क) मनोनयनपत्र जाँच गर्ने स्थानमा सो जाँच गर्ने समयमा हुलदङ्गा वा हिंसा भएमा ।

(ख) प्राकृतिक विपत्तिको कारणले निर्वाचन अधिकृतको काबू बाहिरको परिस्थिति उत्पन्न भएमा ।

(ग) मनोनयनपत्र जाँच गर्ने समय अभाव भई स्थगित गर्नुपर्ने भएमा ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा मनोनयनपत्रको जाँच गर्ने कार्य स्थगित गर्नु परेमा निर्वाचन अधिकृतले मनोनयनपत्रको जाँच गर्ने कार्य स्थगित गर्नु परेको कारण समेत उल्लेख गरी मनोनयनपत्र जाँच गर्न तोकिएको स्थानमा अनुसूची २६ बमोजिम सूचना प्रकाशित गर्नुपर्नेछ र सो सूचनामा अर्को दिन मनोनयनपत्रमा जाँच गर्ने मिति, समय र स्थान तोक्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम मनोनयनपत्रको जाँच गर्ने काम स्थगित गर्नु परेको अवस्थामा सामान्यतया सो दिनको भोलिपल्ट मनोनयनपत्रको जाँच गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम मनोनयनपत्रको जाँच गर्ने काम स्थगित गर्दा केही मनोनयनपत्रको जाँच गर्ने कार्य पूरा भइसकेको रहेछ भने जाँच गर्न बाँकी रहेका मनोनयनपत्रहरुको मात्र जाँच गर्ने काम सो दिनको भोलिपल्ट गर्न सकिनेछ ।

४४. **उम्मेदवारको नामावली प्रकाशित गर्ने:** निर्वाचन अधिकृतले सबै मनोनयनपत्रहरुको जाँच गरी सकेपछि कानूनबमोजिम रीत पुगेका मनोनयनपत्रबमोजिमको उम्मेदवारहरुको दुई प्रति नामावली अनुसूची २७ बमोजिम तयार गर्नुपर्नेछ र सो नामावलीको एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा सम्भव भएसम्म मनोनयनपत्र जाँच गरिसकेको दिनमा नै प्रकाशित गर्नुपर्नेछ ।

४५. **उम्मेदवारले नाम फिर्ता लिन सक्ने:** (१) दफा ४४ बमोजिम उम्मेदवारको नामावली प्रकाशित भएपछि सो नामावलीमा नाम उल्लेख भएको कुनै उम्मेदवारले आफू उम्मेदवार नहुने ईच्छा गरी उम्मेदवारको नामावलीबाट आफ्नो नाम हटाउन दरखास्त दिई उम्मेदवारीबाट आफ्नो नाम फिर्ता लिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम फिर्ता लिने उम्मेदवारले निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति र समयमा नाम फिर्ता लिएको अनुसूची २८ बमोजिमको दरखास्त निर्वाचन अधिकृत समक्ष दाखिल गरी आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम नाम फिर्ता लिने दरखास्त प्राप्त गरेमा सो नाम फिर्ता लिएको सूचना अनुसूची २९ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूची ३० बमोजिमको निस्सा सूचना दर्ता गराउने व्यक्तिलाई दिनुपर्नेछ ।

(४) नाम फिर्ता लिएको उपदफा (२) बमोजिमको दरखास्त उम्मेदवार आफैँले वा निजले अनुसूची १६ बमोजिम अधिकार दिएको प्रतिनिधि/वारेसमार्फत दर्ता गराउन सक्नेछ ।

४६. **नाम फिर्ताको दरखास्त फिर्ता नदिने:** दफा ४५ बमोजिम नाम फिर्ता लिने दरखास्त निर्वाचन अधिकृत समक्ष दाखिल भइसकेपछि निर्वाचन अधिकृतले सो दरखास्त निज उम्मेदवारलाई फिर्ता दिनु हुँदैन । नाम फिर्ता लिएको दरखास्त दाखिल गर्ने उम्मेदवारले सो दरखास्त फिर्ता लिन वा बदर गर्न सक्नेछैन ।

४७. **नाम फिर्ता लिएको उम्मेदवारको नाम हटाउने:** (१) निर्वाचन अधिकृत समक्ष दाखिल भएको उम्मेदवारको नाम फिर्ता लिएको दरखास्तको सत्यतामा निर्वाचन अधिकृत सन्तुष्ट भएमा निजले नाम फिर्ता लिएको उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाएको निर्णय गर्नुपर्नेछ ।

(२) निर्वाचन कार्यक्रममा निर्धारित समयभित्र उल्लिखित उम्मेदवारले नाम फिर्ता लिएमा सो समय समाप्त भएपछि निर्वाचन अधिकृतले नाम फिर्ता लिएको उम्मेदवारको नाम उपदफा (१) बमोजिम उम्मेदवारको नामावलीबाट हटाएको अनुसूची ३१ बमोजिमको दुई प्रति सूचना तयार गर्नुपर्नेछ र सो सूचनाको एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा तुरुन्त प्रकाशित गर्नुपर्नेछ ।

४८. **उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने:** उम्मेदवारको नाम फिर्ता लिने समय समाप्त भएपछि वा दफा ४६ बमोजिम उम्मेदवारीबाट नाम फिर्ता लिएको उम्मेदवारको सूचना प्रकाशित गरिसकेपछि निर्वाचन अधिकृतले कायम रहेका उम्मेदवारहरुको अन्तिम नामावली अनुसूची ३२ बमोजिम दुई प्रति तयार गर्नुपर्नेछ र सो नामावलीको एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गर्नुपर्नेछ ।

४९. **निर्विरोध निर्वाचन:** उम्मेदवारको सङ्ख्या निर्वाचन हुने पदको सङ्ख्या बराबर वा घटी भएमा उम्मेदवार निर्विरोध निर्वाचित भएको मानिनेछ ।

५०. **निर्विरोध निर्वाचित भएको घोषणा गर्ने:** दफा ४९ बमोजिम उम्मेदवार निर्विरोध निर्वाचित भएमा निर्वाचन अधिकृतले अनुसूची ३३ बमोजिम दुई प्रति निर्विरोध निर्वाचनको घोषणापत्र तयार गर्नुपर्नेछ । सो घोषणाको एक प्रति उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणाको रुपमा निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गर्नुपर्नेछ ।

५१. **उम्मेदवारको मृत्यु भएमा मतदान स्थगित गर्ने:** (१) दफा ४५ बमोजिम उम्मेदवारले उम्मेदवारीबाट आफ्नो नाम फिर्ता लिने दरखास्त निर्वाचन अधिकृत समक्ष दाखिल नगरेको, मनोनयनपत्र रीतपूर्वक ठहरी कानूनबमोजिम योग्यता पुगेको र दफा ४४ बमोजिम प्रकाशित उम्मेदवारको नामावलीमा नाम उल्लेख भएको वा दफा ४६ बमोजिम उम्मेदवारीबाट आफ्नो नाम फिर्ता लिने दरखास्त निर्वाचन अधिकृत समक्ष दाखिल गर्नुभन्दा पहिले वा उम्मेदवारको अन्तिम नामावली प्रकाशित भइसकेपछि सो नामावलीमा नाम उल्लेख गरिएको कुनै उम्मेदवारको मृत्यु भएको लिखित सूचना सो उम्मेदवार रहेको पदको निर्वाचनको लागि मतदान हुनुभन्दा पहिले निज उम्मेदवारको निर्वाचन प्रतिनिधि/वारेस वा अन्य कुनै व्यक्तिबाट निर्वाचन अधिकृतलाई प्राप्त भएमा र सो सूचनामा निर्वाचन अधिकृत विश्वस्त भएमा सो मृतक उम्मेदवार रहेको पदको निर्वाचनको लागि हुने मतदान तुरुन्त स्थगित गर्ने अनुसूची ३४ बमोजिम निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगित गरेको अनुसूची ३५ बमोजिमको दुई प्रति सूचना तयार गर्नुपर्नेछ र सो सूचनाको एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा तुरुन्त प्रकाशित गर्नुपर्नेछ । सो सूचना प्रकाशित गरेको अनुसूची ३६ बमोजिमको मुचुल्का समेत गर्नुपर्नेछ ।

५२. **पुनः निर्वाचन कार्यक्रम प्रकाशित गर्ने:** दफा ५१ बमोजिम मतदान स्थगित गरिएको सूचना प्रकाशित गरेको अवस्थामा परिषद्सँग छलफल गरी निर्वाचन अधिकृतले दफा २४ बमोजिमको नयाँ निर्वाचन कार्यक्रम तयार गरी निर्वाचन अधिकृतको कार्यालयमा तुरुन्त प्रकाशित गर्नुपर्नेछ ।

५३. **निर्वाचन कार्यविधि पूरा गर्ने:** दफा ५२ बमोजिम पुनः निर्वाचन कार्यक्रम प्रकाशित गरेपछि निर्वाचन अधिकृतले सो निर्वाचन कार्यक्रममा उल्लिखित कार्यक्रमहरु यस कार्यविधिको दफा २४ देखि दफा ५० सम्मका दफाहरुमा उल्लेख भएबमोजिमका सबै कार्यविधि पूरा गर्नुपर्नेछ ।

५४. **पुनः मनोनयनपत्र दर्ता गराउनु नपर्ने:** दफा ५१ बमोजिम मतदान कार्यक्रम स्थगित हुनुभन्दा पहिले उम्मेदवारको पहिलो वा अन्तिम नामावलीमा नाम उल्लेख भएको उम्मेदवारले दफा ५२ बमोजिमको नयाँ निर्वाचन कार्यक्रमअनुसार पुनः मनोनयनपत्र दर्ता गराउनुपर्ने छैन ।

५५. **नाम फिर्ता लिने व्यक्तिको मनोनयनपत्र पुनः दर्ता हुन सक्ने:** दफा ५१ बमोजिम मतदान कार्यक्रम स्थगित हुनुभन्दा पहिले दफा ४५ बमोजिम उम्मेदवारीबाट आफ्नो नाम फिर्ता लिएको व्यक्तिले दफा ५१ बमोजिम प्रकाशित नयाँ निर्वाचन कार्यक्रमअनुसार पुनः मनोनयनपत्र दर्ता गराउन सक्नेछ ।

५६. **उम्मेदवारलाई परिचयपत्र दिने:** दफा ४८ बमोजिम उम्मेदवारको अन्तिम नामावलीमा नाम उल्लेख गरिएको उम्मेदवारलाई निर्वाचन अधिकृतले अनुसूची ३७ बमोजिमको परिचयपत्र दिनुपर्नेछ ।

## परिच्छेद–६
## मतदानकेन्द्र र मतपेटिका

५७. **मतदानकेन्द्र तोक्ने:** (१) निर्वाचन अधिकृतले मतदान गर्ने स्थान (मतदानकेन्द्र) तोक्नुपर्नेछ र मतदानकेन्द्र तोकिएको अनुसूची ३८ बमोजिमको सूचना निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गर्नुपर्नेछ । यसरी प्रकाशित सूचनाको अनुसूची ३९ बमोजिमको मुचुल्का गराउनुपर्नेछ ।

(२) निर्वाचन अधिकृतले सुरुमा तोकेको मतदानकेन्द्रमा निर्वाचन गराउँदा निर्वाचन अवरुद्ध हुने आशंका देखिएमा मतदानकेन्द्र फेरबदल गर्नसक्नेछ । तर यसरी मतदानकेन्द्र फेरबदल गर्दा सोको औचित्य र पुष्ट्याईंसहितको सूचना निर्वाचन अधिकृतको कार्यालयमा टाँस गर्नुपर्दछ ।

५८. **मतदानकेन्द्र निर्माण गर्ने:** (१) मतदान अधिकृतले आफू खटिएको मतदानकेन्द्रमा मतदानको लागि मतदानकेन्द्र निर्माण गर्नुपर्नेछ ।

(२) मतदानकेन्द्र निर्माण गर्न आवश्यक पर्ने डोरी, बाँस, पाल, टेबुल, बेन्च, कुर्सी लगायतका सामग्रीको व्यवस्था गर्नुपर्नेछ । मतदान अधिकृतले स्थानीय व्यक्तिहरुको सहयोगबाट त्यस्तो सामग्री उपलब्ध गरी मतदानकेन्द्र बनाउनुपर्नेछ । तर सो नगरीकन पनि मतदान गराउन सकिने स्थान उपलब्ध भएमा आवश्यकता अनुसार मतदान केन्द्र निर्माण कार्य गर्न सकिनेछ ।

(३) प्रत्येक मतदानकेन्द्रमा देहायको व्यवस्था गर्नुपर्नेछः

(क) मत संकेत गर्ने गोप्य स्थान बनाउनपर्छ र सो स्थानमा मतपत्रमा संकेत गर्ने वा छाप लगाउने ठाउँको व्यवस्था गर्नुपर्छ ।

(ख) गोप्य स्थान नजिकै मतपेटिका राख्ने टेबुल र त्यसैको छेउमा मत संकेत गर्ने कलम, मसी, छाप तथा छापदानी राख्ने टेबुल राख्नुपर्छ ।

(ग) मतपेटिका राखेको ठाउँको नजिक नै मतदान अधिकृत वा सहायक मतदान अधिकृत बस्ने ठाउँ रहनुपर्छ ।

(घ) मतदानकेन्द्रको बाहिरी भागमा खुल्ला ठाउँमा महिला र पुरुष मतदाता अलग–अलग पंक्तिबद्ध हुन सक्ने गरी लाम लाग्ने ठाउँ छुट्याउनुपर्छ ।

(ङ) मतदाता पंक्तिबद्ध हुने ठाउँको प्रवेशद्वारमा मतदाताको नाम रुजु गर्ने र त्यसको नजिक मतदातालाई मतपत्र दिने कर्मचारी बस्ने ठाउँको व्यवस्था गर्नुपर्छ ।

(च) मतदाताको नाम रुजू गर्ने ठाउँमा र मतदान गरेको मतदाता बाहिर निस्कने ठाउँमा सुरक्षाको प्रबन्ध गर्नुपर्छ ।

(छ) मतदानकेन्द्रमा मतदान गर्ने मतदाताको क्रमसंख्या स्पष्ट देखिने सूचना मतदाता लाम लाग्ने ठाउँमा झुण्ड्याउनुपर्छ वा टाँस्नुपर्छ ।

(ज) मत संकेत गरेपछि मत पट्याई मतपेटिकामा मत खसाल्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) मतदान गर्न तोकिएको स्थानमा कुनै विद्यालय वा सार्वजनिक भवन नभएको अवस्थामा चौर वा खुला ठाउँमा पाल, त्रिपाल वा छेकवार लगाई सोको सहायताले मतदानकेन्द्र निर्माण गर्नुपर्नेछ ।

(५)* विद्युतीय उपकरण वा इन्टरनेटको माध्यमबाट मतदान गर्न सक्ने व्यवस्था गरिएको अवस्थामा मतदान केन्द्र निर्धारण सम्बन्धी व्यवस्था निर्वाचन अधिकृतको परामर्शमा परिषदले तोके बमोजिम हुनेछ ।

५९. **मतपेटिकाको व्यवस्था:** (१) मतदान अधिकृतले मतदानकेन्द्रमा आवश्यकता अनुसार मतदानको लागि मतपेटिकाको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मतपेटिका मतदान गरिएको मतपत्रले भरिएमा यस कार्यविधिमा उल्लिखित रीत पुऱ्याई अर्को मतपेटिका राख्नुपर्छ ।

६०. **मतदानकेन्द्रको क्षेत्र तोक्ने:** मतदान अधिकृतले मतदानकेन्द्र निर्माण गरेको ठाउँमा मतदानकेन्द्र वरिपरिको बढीमा १०० मिटरसम्मको क्षेत्रलाई चार किल्ला खोली मतदानकेन्द्रको क्षेत्र रोक्नुपर्नेछ र त्यसरी मतदानकेन्द्रको क्षेत्र तोकेको अनुसूची ४० बमोजिमको सुचना सो मतदानकेन्द्रमा सबैले देख्ने ठाउँमा प्रकाशित गर्नुपर्नेछ ।

६१. **मतदानकेन्द्रको क्षेत्रभित्र प्रचार गर्न निषेध गरेको सूचना प्रकाशित गर्ने:** मतदान अधिकृतले मतदान हुने दिनभन्दा ४८ घण्टा अघिदेखि मतदानकेन्द्रको क्षेत्रभित्र कसैले पनि कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै प्रकारको प्रचार गर्न नपाउने अनुसूची ४१ बमोजिमको सूचना सो मतदानकेन्द्रमा सबैले देख्ने गरी प्रकाशित गर्नुपर्नेछ ।

६२. **मादक पदार्थको बिक्री वितरण निषेध गर्ने:** मतदान अधिकृतले प्रचार निषेध गरिएको अवधिमा मतदानकेन्द्रको वरिपरिको क्षेत्रमा मादक पदार्थको बिक्री वितरण र सेवन गर्न निषेध गरिएको अनुसूची ४२ बमोजिमको सुचना प्रकाशित गर्नुपर्नेछ । सो कुराको जानकारी सम्बन्धित व्यक्तिहरुलाई समेत गराउनुपर्नेछ ।

## परिच्छेद–७
## मतदान

६३. **मतपेटिका, कलम, मसी, छाप, छापदानी आदि तयार गर्ने:** मतदान अधिकृतले मतदानको दिन मतदान कार्य प्रारम्भ हुनुभन्दा पहिले नै मतपेटिका, कलम, मसी, छाप, छापदानी आदि ठीक गरी राख्नुपर्दछ । त्यस्तै मतदाता विरोध उजुरी दर्ता किताब, मुचुल्का सम्बन्धी कागजात, निर्णय पुस्तिका, लाहा, लाहामा लगाउने छाप, मैनबत्ती, सलाई आदि पनि ठीक ठीक ठाउँमा राख्नुपर्दछ ।

* पहिलो संशोधनद्वारा थप गरिएको ।

६४. **मतपत्रको सिलबन्दी प्याकेट खोल्ने:** मतदान हुने दिन मतदान सुरु हुनुभन्दा अघि मतदान अधिकृतले सो मतदानकेन्द्रमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहवरमा मतपत्रको सिलबन्दी प्याकेट खोल्नुपर्नेछ र सो प्याकेटको सिलतोडी प्याकेट खोलेको अनुसूची ४३ बमोजिमको मुचुल्का समेत गर्नुपर्नेछ । सो मुचुल्कामा मतदान अधिकृतले आफ्नो सही गरी सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सही गराउनुपर्नेछ ।

६५. **रित्तो मतपेटिका बन्द गर्ने:** (१) मतदान अधिकृतले मतदानको दिन मतदान सुरु हुनुभन्दा अघि रित्तो मतपेटिका उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिहरुलाई देखाई निजहरुको रोहबरमा मतपेटिकामा मतपत्र खसाल्ने प्वाल मात्र खुला रहने गरी निर्धारित कार्यविधिअनुसार गरी बन्द गरी मतदान अधिकृतले आफ्नो लाहाछाप लगाउनुपर्नेछ । उम्मेदवार वा निजको प्रतिनिधिले चाहेमा निजहरुको लाहाछाप समेत लगाउनुपर्नेछ ।

(२) मतदान सुरु गर्नुभन्दा अघि रित्तो मतपेटिका बन्द गरेको मुचुल्का अनुसूची ४४ बमोजिम मुचुल्का गर्नुपर्दछ ।

६६. **मतपत्रमा सही गर्ने:** (१) मतदान अधिकृतले निर्वाचन अधिकृतबाट उपलब्ध गरेका दफा ६४ बमोजिम सिलबन्दी प्याकेट खोलिएको सम्पूर्ण मतपत्रहरु आफ्नो जिम्मामा राख्नुपर्नेछ र मतपत्रमा सही गर्नको लागि निर्देशित ठाउँमा आफ्नो पूरा सही गर्नुपर्नेछ ।

(२) मतदान अधिकृतले आफूले सही गरेका मतपत्रहरु मतदान गर्न मतदाताहरुलाई प्रदान गर्नको लागि सहायक मतदान अधिकृत र सहायक कर्मचारीहरुलाई आवश्यकताअनुसार उपलब्ध गराउनुपर्नेछ ।

(३) मतदान अधिकृतले मतदातालाई मतदानको लागि प्रदान गर्नको लागि सहायक मतदान अधिकृत वा सहायक कर्मचारीलाई उपलब्ध गराएका सबै मतपत्रहरुको छुट्टै लगत राख्नुपर्नेछ ।

(४) मतदान अधिकृतले सबै मतपत्रहरुमा एकै पटक सही गर्नु हुँदैन । सही गरेका सबै मतपत्रहरु पनि सहायक मतदान अधिकृत वा सहायक कर्मचारीलाई एकै पटक उपलब्ध गराउनु हुँदैन ।

६७. **सही भएको मतपत्र मात्र उपलब्ध गराउने:** (१) दफा ६६ बमोजिम मतदान अधिकृतले सही गरेको मतपत्र मात्र मतदान गर्नको लागि उपस्थित मतदातालाई प्रदान गर्नुपर्नेछ ।

(२) मतदान अधिकृतको सही नभएको मतपत्र मतदातालाई मतदान गर्नको लागि उपलब्ध गराउनु हुँदैन ।

६८. **मतदानको तयारी:** मतदान हुने दिन मतदान प्रारम्भ हुनुभन्दा अघि मतदानकेन्द्रमा मतदानसम्बन्धी सबै व्यवस्थाको प्रबन्ध पूरा भए नभएको कुराको मतदान अधिकृतले निरीक्षण गर्नुपर्नेछ र निम्नलिखित व्यवस्थाप्रति विशेष ध्यान दिई पूरा गर्नुपर्नेछः–

(क) मत संकेत गर्ने गोप्य स्थान र सो स्थानमा मतपत्रमा संकेत गर्ने वा छाप लगाउने टेबुल ठीक छ/छैन ?

(ख) गोप्य स्थान नजिकै मतपेटिका राख्ने टेबुल र त्यसको छेउमा मतसंकेत गर्ने कलम, मसी वा छाप तथा छापदानी राख्ने टेबुलमा कलम, मसी वा छाप तथा छापदानी छ/छैन, कलम लेख्छ, लेख्दैन, छापदानीको प्याडमाथि प्लाष्टिक वा कागजले ढाकिएको भए सो काटेर हटाएको छ/छैन र त्यस्तो प्लाष्टिक वा कागज हटाइसकेको रहेछ भने प्याडको मसी सुकेको छ/छैन ?

(ग) मतदाताको सदस्य परिचयपत्रमा लगाउने छाप तथा छापदानी र सोको मसी पर्याप्त मात्रामा छ/छैन ?

(घ) मतपेटिका राखेको ठाउँको नजिक नै मतदान अधिकृत वा सहायक मतदान अधिकृत बस्ने ठाउँ ठीक अवस्थामा छ/छैन ?

(ङ) मतदानकेन्द्रको बाहिरी भागमा खुल्ला ठाउँमा चार्टर्ड एकाउन्टेन्ट र दर्तावाला लेखापरीक्षक मतदाता अलग–अलग पंक्तिबद्ध हुनसक्ने गरी डोरी वा बाँसले मतदानका लागि लाम लाग्ने ठाउँ छुट्याइएको छ/छैन ?

(च) मतदाता पंक्तिबद्ध हुने ठाउँको प्रवेशद्वारमा मतदाताको नाम, रुजु गर्ने, सदस्य परिचयपत्रमा छाप लगाउने र त्यसको नजिक मतदातालाई मतपत्र दिने, कर्मचारी बस्ने ठाउँ ठीक अवस्थामा छ/छैन ?

(छ) मतदान गरिसकेपछि मतदाता बाहिर निस्कने स्थानमा सुरक्षा कर्मी रहने स्थान ठीक छ/छैन ?

(ज) उम्मेदवार वा मतदान प्रतिनिधि वा निर्वाचन प्रतिनिधिहरु बस्ने स्थान ठीक छ/छैन ?

(झ) मतदानकेन्द्रमा मतदाता रुजु गर्ने / भिडान गर्ने नामावली ठीक छ/छैन ?

(ञ) मतदानकेन्द्रभित्र कुनै उम्मेदवारको कुनै किसिमको प्रचार सामग्री छ/छैन ? रहेछ भने तुरुन्त हटाउन लगाउनुपर्छ ।

६९. **मतदानकेन्द्रमा प्रवेश गर्न अनुमतिः** (१) मतदान अधिकृतले देहायका व्यक्तिहरुलाई मतदानकेन्द्रमा प्रवेश गर्ने अनुमति दिनुपर्नेछः

(क) मतदाताहरु,

(ख) उम्मेदवार वा निजको एकजना निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि,

(ग) निर्वाचन अधिकृत वा सहायक निर्वाचन अधिकृतबाट अनुमति पाएको व्यक्ति,

(घ) मतदान अधिकृतबाट अनुमति पाएको व्यक्ति ।

(२) मतदान अधिकृतले कुनै व्यक्तिलाई मतदानकेन्द्रमा प्रवेश गर्ने अनुमति दिँदा मतदान कार्यको निमित्त अति आवश्यक पर्ने हो भन्ने कुरा यकिन गरेर मात्र अनुमति प्रदान गर्नुपर्नेछ ।

(३) निर्वाचन अधिकृत/सहायक निर्वाचन अधिकृत वा मतदान अधिकृतले मतदानकेन्द्रमा प्रवेश गर्न उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम मतदानकेन्द्रमा प्रवेश गर्न अनुमति दिएको व्यक्तिलाई अनुसूची ४५ बमोजिमको अनुमतिपत्र दिनुपर्नेछ ।

७०. **मतदानकेन्द्रमा प्रवेश गर्न नदिनेः** मतदान अधिकृतले कुनै प्रकारको हतियार साथमा लिएको वा मादक पदार्थ सेवन गरेको व्यक्तिलाई सो व्यक्ति मतदाता भए तापनि मतदानकेन्द्रमा प्रवेश गर्न रोक लगाउनुपर्नेछ ।

७१. **अशक्त मतदाताको साथमा जाने व्यक्तिलाई प्रवेश गर्न अनुमति दिनेः** आँखा नदेख्ने, अन्धो, हात नभएको, बिरामी वा अशक्त वृद्ध जस्तो शारीरिक अशक्तताको कारणले आफैं मतदान गर्न नसक्ने मतदाताले आफ्नो पत्यारको कुनै व्यक्तिलाई आफूसँग मत संकेत गर्ने गोप्य स्थानमा लैजाने अनुमति मागेमा मतदान अधिकृतले त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत संकेत गर्ने गोप्य स्थानमा प्रवेश गर्न अनुमति दिनुपर्नेछ ।

७२. **मतदान प्रारम्भ गर्नेः** (१) मतदान अधिकृतले मतदान हुने दिन पूर्व निर्धारित समयमा मतदान प्रारम्भ गर्नुपर्नेछ ।

(२) मतदान प्रारम्भ हुने पूर्व निर्धारित समयमा मतदान गर्न मतदाता उपस्थित नभएको अवस्थामा पनि मतदानकेन्द्रमा उपस्थित उम्मेदवारहरु वा निजका निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिहरुको रोहवरमा पूर्व निर्धारित समयमा मतदान सुरु भएको अनुसूची ४६ बमोजिमको मुचुल्का गर्नुपर्नेछ र सो मुचुल्कामा मतदान अधिकृतले आफ्नो सही गर्नुपर्नेछ । सो मुचुल्कामा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिहरुले पनि आफ्नो सही गर्नुपर्नेछ ।

७३. **मतदाताको नाम जाँच गरी रुजू गर्ने:** मतदान अधिकृत वा सहायक मतदान अधिकृतले मतदान कार्यको लागि खटाएको कर्मचारीले सो मतदानकेन्द्रमा मतदान गर्न उपस्थित भएको प्रत्येक मतदाताको नाम, थर, सदस्यता नम्बर, मतदाताको परिचयपत्र हेरी निजको नाम मतदाता नामावलीमा रुजु गरी जाँच गर्नुपर्नेछ । नाम रुजु गर्दा मतदाताको नाम र अन्य विवरण मतदाता नामावलीमा उल्लिखित निज मतदाताको विवरणसँग मिलान भएमा सो मतदाताको नामको अगाडि मतदाता नामावलीमा रेजा (✓) चिन्ह लगाउनुपर्नेछ ।

७४. **मतदाताको परिचयपत्र हुनुपर्ने:** मतदाताले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी भएको सदस्यताको परिचयपत्र लिई उपस्थित हुनुपर्नेछ ।

७५. **मतदाताको सदस्यताको परिचयपत्रको आधारमा नाम रुजु गर्ने:** (१) मतदान अधिकृत वा सहायक मतदान अधिकृत वा मतदान अधिकृतले मतदान कार्यको लागि खटाएको सहायक कर्मचारीले दफा ७३ बमोजिम नाम रुजु गर्दा संस्थाबाट जारी भएको सदस्यको परिचयपत्र हेरी जाँची नाम रुजु गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाताको सदस्यको परिचयपत्र बेगर मतदातालाई मतपत्र दिइने छैन । कुनै मनासिव कारणले परिचयपत्र पेश गर्न नसकेका मतदातालाई संस्थावाट जारी भएको सदस्यता खुल्ने अन्य प्रमाणका आधारमा निर्वाचन अधिकृत/मतदान अधिकृत सन्तुष्ट भएमा मतदान गर्न दिन सक्नेछ ।

७६. **मतपत्र दिने:** (१) मतदान अधिकृत वा सहायक मतदान अधिकृत वा निज मतदान अधिकृतले मतदान कार्यको लागि खटाएको सहायक कर्मचारीले दफा ७३ बमोजिम मतदाता नामावलीमा नाम रुजु गरेपछि दफा ७५ बमोजिम संस्थाबाट उपलब्ध गराएको सदस्य परिचयपत्रको आधारमा मतदातालाई दफा ७६ बमोजिम रीत पुऱ्याई तुरुन्त मतपत्र दिनुपर्नेछ । पार्षद निर्वाचनको लागि मतपत्रको ढाँचा र स्वरुप अनुसूची ८२ बमोजिम हुनेछ ।

(२) मतदान अधिकृत वा सहायक मतदान अधिकृत वा निजले खटाएको सहायक कर्मचारीले मतदातालाई मतपत्र दिँदा मतदान अधिकृतको सही भएको कुरा जनाई सो सही समेत देखाई मतपत्र दिनुपर्नेछ ।

७७. **मतपत्रको अधकट्टीमा मतदाताको सही गराउने:** (१) मतदान अधिकृत वा सहायक मतदान अधिकृत वा सहायक कर्मचारीले मतदातालाई मतपत्र दिनुभन्दा पहिले निजलाई प्रदान गरिने मतपत्रको अधकट्टीको माथिको भागमा मतदाताको सही गराई मतपत्र दिनुपर्नेछ ।

(२) मतदान अधिकृत वा सहायक मतदान अधिकृत वा सहायक कर्मचारीले मतदातालाई दिएको मतपत्रको अधकट्टीमा सदस्यता नम्वर लेख्नुपर्नेछ ।

७८. **मतदान गर्ने:** (१) दफा ७७ बमोजिम मतपत्र लिएको मतदाताले प्राथमिकताअनुसार मत संकेत गर्न मत संकेत गर्ने गोप्य स्थानमा जानुपर्नेछ ।

(२) गोप्य स्थानमा गई आफ्नो रोजाइअनुसार प्राथमिकता दिई मत संकेत गरी सो मतपत्र पट्याउनुपर्नेछ । मतदाताले उम्मेदवारको मत संकेत गरेको अन्य कुनै व्यक्तिलाई देखाउनु वा फोटो खिच्नु हुँदैन ।

(३) मतपत्रमा मत संकेत गर्दा ऐनको दफा ७ उपदफा (३) को खण्ड (क) बमोजिमका मतदाताले मतपत्रमा उल्लिखित उम्मेदवारको नामको अगाडि आफ्नो प्राथमिकताअनुसार १, २, ३, ४, ५, ६, ७, ८, ९, १० लेखी संकेत गर्नुपर्दछ । संकेत गरिसकेपछि मतपत्र पट्याई मत संकेत गोप्य स्थानबाट बाहिर आउनुपर्दछ ।

(४) ऐनको दफा ७ उपदफा (३) खण्ड (ख) बमोजिमका मतदाताले मतपत्रमा उल्लिखित उम्मेदवारको नामको अगाडि आफ्नो प्राथमिकताअनुसार १, २, ३, ४ लेखी संकेत गर्नुपर्दछ । संकेत गरिसकेपछि मतपत्र पट्याई मत संकेत गोप्य स्थानबाट बाहिर आउनुपर्दछ ।

(५) उपदफा (३) बमोजिम मत प्राथमिकताका आधारमा लेखी संकेत गर्दा ४, ५, ९, १, ३, ६, २, ८, १०, ७ हुन सक्दछ । तर १ पछि २, २ पछि ३ हुँदै १० सम्म नआएमा वा बीचमा प्राथमिकताको क्रम टुटेमा त्यसरी टुटेपछिको संकेत गरेको मत गणना हुने छैन । *उदाहरणको लागि उपदफा (३) बमोजिम मत दिँदा उम्मेदवारको नाम अगाडिको कोठामा मत संकेत १, ३, ५, ७, २, ४, ६, १० गरेमा १, २, ३, ४, ५, ६, ७ सम्म गणना गरिनेछ । ८, ९ टुटेकोले १० गणनामा आउँदैन ।*

(६) उपदफा ४) बमोजिम मत प्राथमिकताका आधारमा लेखी संकेत गर्दा ३, १, २, ४ हुन सक्दछ । तर १ पछि २, २ पछि ३, ३ पछि ४ नआएमा वा बीचमा प्राथमिकता क्रम टुटेमा त्यसरी टुटेपछिको संकेत गरेको मत गणना हुने छैन ।

*उदारहणका लागि उपदफा (४) बमोजिम मत दिँदा उम्मेदवारको नाम अगाडिको कोठामा ३, १, २, ४ गरी संकेत गरेमा १, २, ३, ४ गणना हुनेछ । तर ३, १, ४ संकेत गरेमा १ मात्र गणना हुनेछ । २ संकेत नभएकोले ३, ४ गणनामा आउँदैन ।*

(७) मतपत्र काठमाडौं उपत्यकाभित्र हुने निर्वाचनको लागि सेतो रङ र काठमाडौं उपत्यका बाहिर हुलाक मार्फत हुने निर्वाचनको लागि रातो रङको हुनेछ ।

(८) मतदाताले मत संकेत गर्ने गोप्य स्थानबाट मतपत्र पट्याई उपदफा (२) बमोजिमको मतपत्र मतपेटिकाभित्र खसाल्नुपर्नेछ ।

७९. **मतदान गरेको मतदाताहरुलाई बाहिर पठाउने:** मतदान अधिकृत वा सहायक मतदान अधिकृत वा सहायक कर्मचारीले मतदान गरेको मतपत्र मतपेटिकाभित्र खसालेको मतदातालाई मतदान गर्ने ठाउँबाट तुरुन्त बाहिर पठाउनुपर्नेछ ।

८०. **मत संकेत गर्ने गोप्य स्थान वा मतदान कक्षमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिने:** मतदान अधिकृत वा सहायक मतदान अधिकृत वा सहायक कर्मचारीले मत संकेत गोप्य स्थान वा मतदान कक्षमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिनुपर्नेछ ।

८१. **अशक्त मतदातालाई सहायता दिने:** कुनै मतदाताले स्वयं मतदान गर्न असमर्थ भएको कारणले मतदान अधिकृत वा सहायक मतदान अधिकृतलाई मतपत्रमा आफूले रोजेको उम्मेदवारको नाममा वा नम्बरमा मत संकेत गर्ने वा लेखी दिने अनुरोध गरेमा मतदान अधिकृत वा सहायक मतदान अधिकृत वा सहायक कर्मचारीले सो मतदाताको मतपत्रमा निजको ईच्छाअनुसार मत संकेत गर्ने काममा सहयोग गर्नुपर्नेछ ।

८२. **मतदान गर्न प्राथमिकता:** मतदान अधिकृत वा सहायक मतदान अधिकृत वा सहायक कर्मचारीले अन्धा, लुला, अशक्त, वृद्ध वा रोगी मतदातालाई मतदान गर्ने काममा प्राथमिकता दिई मतदान गराउने व्यवस्था गर्नुपर्नेछ ।

८३. **सानोतिनो भूलचुकमा मतदान गर्नदिने:** मतदाता नामावलीमा कुनै मतदाताको नाम, थर वा अन्य व्यहोरामा छपाईको प्राविधिक त्रुटि जस्तै अक्षर वा मात्राको त्रुटि जस्तो सानोतिनो भूलचुक देखिएमा पनि सो व्यक्ति मतदाता नामावलीमा लेखिएको मतदाता नै हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा सो व्यक्तिलाई मतदान अधिकृतले मतदान गर्न अनुमति दिनसक्नेछ ।

८४. **मतदाताले नजानेको कुरा सिकाइदिने:** कुनै मतदाताले मतदानको सम्बन्धमा आफूले नजानेको कुरा सोधेमा मतदान अधिकृत वा सहायक मतदान अधिकृत वा निज मतदान अधिकृतले मतदानको काममा खटाएको सहायक कर्मचारीले मतदाताबाट सोधनी भएका कुरा सिकाई दिनु वा बुझाई दिनुपर्नेछ ।

तर कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने कुरा भन्नु वा संकेत गर्नु हुँदैन ।

८५. **मतपत्रबाहेक अन्य पदार्थ मतपेटिकामा खसाल्न नदिने:** मतदान अधिकृत वा सहायक मतदान अधिकृतले मतदाता वा अन्य कुनै व्यक्तिलाई मतपेटिकामा मतपत्रबाहेक अन्य पदार्थ खसाल्न दिनु हुँदैन ।

८६. **मतदानकेन्द्रबाट मतपत्र बाहिर लैजान वा नष्ट गर्न नदिने:** मतदान अधिकृत वा सहायक मतदान अधिकृतले मतदान गर्नको लागि मतदातालाई उपलब्ध गराएको मतपत्र मतपेटिकामा नखसाली मतदानकेन्द्रबाट बाहिर लैजान वा कुनै किसिमले नष्ट गर्न हुँदैन ।

८७. **नाम ढाँटी मतदान गर्ने व्यक्ति उपरको उजुरी:** (१) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अन्य मतदाताको नामले मतदान गर्नको लागि मतपत्र लिन आएको हो भनी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले मतदान अधिकृत समक्ष रु.१००।– (एकसय रुपैयाँ) धरौटी राखी सो मतदाताको विरोधमा उजुर गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा मतदान अधिकृतले सो सम्बन्धमा ठाडो बुझी तत्काल निर्णय गर्नुपर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिमको विरोधको व्यहोरा र सोको निर्णय आफ्नो निर्णय किताबमा तुरुन्त जनाउनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको विरोध ठीक नठहरेमा मतदान अधिकृतले सो धरौटी जफत गर्नुपर्नेछ । विरोध ठीक ठहरेमा मतदान अधिकृतले सो धरौटी रकम उजुर गर्ने व्यक्तिलाई तुरुन्त फिर्ता दिनुपर्नेछ र त्यसरी नाम ढाँटी मतदान गर्न आउने व्यक्तिलाई रु.५००।– (पाँचसय रुपैयाँ) सम्म जरिवाना गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम जफत गरिएको र जरिबाना गरिएको रकम संस्थाको कोषमा दाखिला गर्न निर्वाचन अधिकृतलाई बुझाउनुपर्नेछ ।

८८. **मतदाताले फिर्ता दिएको मतपत्रको लगत राख्ने:** कुनै मतदाताले मतदान नगर्ने निश्चय गरी आफूले मतदान गर्न लिएको मतपत्र मतदान अधिकृत वा सहायक मतदान अधिकृत वा सहायक कर्मचारीलाई मत संकेत नगरी फिर्ता दिएमा मतदान अधिकृत वा सहायक मतदान अधिकृत वा सहायक कर्मचारीले त्यस्तो मतपत्रको लगत राख्नुपर्नेछ र फिर्ता गरिएको मतपत्रमा फिर्ता गरिएको व्यहोरा जनाई छुट्टै खाममा राखी निर्वाचन अधिकृतलाई बुझाउनुपर्नेछ ।

८९. **मतदानकेन्द्रको निरीक्षण गर्ने:** मतदान अधिकृत वा सहायक मतदान अधिकृतले मतदानको अवधिमा निम्न लिखित ठाउँ र कामको बराबर निरीक्षण गर्नुपर्नेछ र त्यहाँ कुनै समस्या रहेछ भने सो समस्याको तत्काल समाधान गरी मतदानको कार्य लगातार चालू राख्नुपर्नेछ:

(क) कुनै मतदाता गोप्य स्थानमा मत संकेत गर्न आवश्यक समयभन्दा बढी समयसम्म बसेको वा नबसेको,

(ख) मत संकेत गर्ने कलम, मसी लगायतका आवश्यक सामग्री निर्धारित स्थानमा रहेको, नरहेको,

(ग) कलममा मसी भएको वा नभएको वा छाप, छापदानी भएको नभएको, छापदानीमा मसी भएको, नभएको,

(घ) मतपेटिकामा मतपत्र खसालेको वा नखसालेको,

(ङ) मतपेटिका भरिएको वा नभरिएको,

(च) मतपेटिका सुरक्षित अवस्थामा रहेको वा नरहेको,

(छ) मतदाताको नाम रुजु गर्ने ठाउँमा र मत संकेत गर्ने गोप्य स्थानबाहिर मतदाताको भीड भएको वा नभएको,

(ज) मतदान कार्यमा कुनै बाधा भएको वा नभएको ।

९०. **मतदानकेन्द्रमा प्रवेश गर्ने मतदातालाई मतदान गर्न दिने:** मतदान अधिकृतले मतदानको लागि तोकिएको समयभित्र मतदानकेन्द्रभित्र प्रवेश गरी सकेको मतदातालाई मतदान गर्ने समय समाप्त भए तापनि मतदान गर्न अनुमति दिनुपर्नेछ ।

९१. **तोकिएको समयपछि मतदानकेन्द्रमा प्रवेश गर्न नदिने:** मतदान अधिकृतले मतदानको लागि तोकिएको समय समाप्त भएपछि कुनै पनि व्यक्तिलाई मतदानकेन्द्रभित्र प्रवेश गर्न दिनु हुँदैन र त्यस्तो व्यक्तिलाई मतदान गर्न दिनु पनि हुँदैन ।

९२. **मतदानको समय समापन नभएसम्म मतदानको कार्य समाप्त गर्न नहुने:** मतदान गर्नको लागि कुनै मतदाता सो मतदानकेन्द्रमा उपस्थित नभए तापनि मतदान अधिकृतले मतदानको लागि तोकिएको अन्तिम समय समाप्त नभएसम्म मतदानकेन्द्रमा मतदानको कार्य समाप्त गर्नु हुँदैन ।

९३. **मतपेटिकामा मतपत्र खसाल्ने प्वाल बन्द गर्ने:** (१) मतदान गर्न तोकिएको समय समाप्त भएपछि वा मतदान गर्ने कार्य समाप्त भएपछि मतदान अधिकृतले सो मतदानकेन्द्रमा उपस्थित सबै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा मतपेटिकाको मतपत्र खसाल्ने प्वाल बन्द गर्ने कार्यविधिअनुसार बन्द गरी आफ्नो लाहाछाप लगाउनुपर्नेछ । उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतदान प्रतिनिधिले चाहेमा निजको समेत लाहाछाप लगाउनुपर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतपेटिकाको प्वाल बन्द गरेको अनुसूची ४७ बमोजिमको मुचुल्का गर्नुपर्नेछ । मतदान अधिकृतले सो मुचुल्कामा आफ्नो सही गर्नुपर्नेछ र सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सही गराउनुपर्नेछ ।

९४. **मतपत्रको फाँटवारी तयार गर्ने:** (१) मतदान अधिकृतले मतदानको काम समाप्त भएपछि अनुसूची ४८ बमोजिम मतपत्रको फाँटवारी तयार गर्नुपर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिमको फाँटवारी तयार गरेपछि सो फाँटवारीमा आफ्नो सही गर्नुपर्नेछ र सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सही गराउनुपर्छ ।

९५. **मतपत्र तथा अन्य कागजात छुट्टाछुट्टै खाममा बन्द गर्ने:** (१) मतदान अधिकृतले मतदान केन्द्रमा मतदानको काम समाप्त भएपछि देहायका कागजपत्र र मतपत्रहरु छुट्टाछुट्टै खाममा बन्द गरी आफ्नो लाहाछाप लगाउनुपर्नेछ र सो मतदानकेन्द्रमा उपस्थित सबै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिहरुले चाहेमा निजहरुको समेत लाहाछाप लगाउनुपर्नेछ:

(क) मतदान अधिकृतको सही नभएका मतपत्रहरु,

(ख) मतदान अधिकृतको सही भएका तर मतदानमा प्रयोग नभएका मतपत्रहरु,

(ग) मतपेटिका बाहिर रहेका मतपत्रहरु,

(घ) मतदाताले मतदान नगरी मतदान अधिकृतलाई फिर्ता दिएका मतपत्रहरु,

(ङ) मतदाताको नाम रुजु गरी रेजा (✓) चिन्ह लगाएको मतदाता नामावली,

(च) मतपत्रका अधकट्टीहरु,

(छ) विरोध गर्ने र विरोध भएको मतदाताको सूची,

(ज) विरोधसम्बन्धी निर्णय किताब,

(झ) निर्वाचन अधिकृतको निर्देशनअनुसार खाम बन्द गरी लाहाछाप लगाई राख्नुपर्ने अन्य कुनै कागजात ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिमको कागजात खाम बन्द गरी सकेपछि सोको अनुसूची ४९ बमोजिमको मुचुल्का तयार गर्नुपर्नेछ र सो मुचुल्कामा आफ्नो सही गर्नुपर्नेछ । सो मुचुल्कामा सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सही गराउनुपर्नेछ ।

९६. **संकटकालमा मतदान स्थगित गर्न सकिने:** (१) मतदानकेन्द्रमा हिंसात्मक हुलदङ्गा वा उपद्रव वा प्राकृतिक विपत्ति वा मतदान अधिकृतको काबू बाहिरको अन्य कुनै कारणले मतदानको काम हुन नसक्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा निजले सो मतदानकेन्द्रको मतदान कार्य तत्काल स्थगित गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगित गरिएमा मतदान अधिकृतले मतदान स्थगित गरिएको व्यहोरा समेत खुलाई अनुसूची ५० बमोजिमको मुचुल्का तयार गर्नुपर्नेछ र सो मुचुल्का आफूले सही गरी उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेतको सही गराउनुपर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान स्थगित गरिएको कारण समेत खुलाई अनुसूची ५१ बमोजिमको सूचना तयार गर्नुपर्नेछ र सो सूचना मतदान स्थगित गरिएको मतदानकेन्द्रमा सबैले देख्ने गरी तुरुन्त प्रकाशित गर्नुपर्नेछ ।

(४) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान स्थगित गरिएको सूचना निर्वाचन अधिकृतलाई तुरुन्त दिनुपर्नेछ । निर्वाचन अधिकृतले पनि त्यसरी मतदान स्थगित गरिएको जानकारी परिषद्/संस्थालाई तुरुन्त दिनुपर्नेछ ।

९७. **पुनः मतदानको व्यवस्था:** (१) दफा ९६ को उपदफा (१) बमोजिम मतदान स्थगित भएको अवस्थामा निर्वाचन अधिकृतले सो मतदानकेन्द्रमा पुनः मतदान हुने मिति र समय तोकी अनुसूची ५२ बमोजिमको सूचना आफ्नो कार्यालयमा र मतदान स्थगित गरिएको मतदानकेन्द्रमा प्रकाशित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः मतदान हुने मिति र समय तोक्दा मतदान स्थगित भएकै दिन मतदान हुने गरी तोक्नु हुँदैन ।

९८. **मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएमा प्रतिवेदन दिने:** (१) मतदानकेन्द्रमा मतदानको लागि प्रयोग भएको वा प्रयोग गरिने मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा मतदान अधिकृतले सो घटनाको व्यहोरा खुलाई अनुसूची ५३ बमोजिम मुचुल्का गर्नुपर्नेछ र सो मुचुल्कामा आफ्नो सही गरी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सही गराउनुपर्नेछ ।

(२) मतदानको लागि मतदानकेन्द्रमा प्रयोग भएको मतदान अधिकृतको नियन्त्रणमा रहेको मतपेटिका कुनै किसिमले खोसिएमा वा दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा मतदान अधिकृतले सो मतदान तुरुन्त रद्द गरी सो घटनाको व्यहोरा खुलाई अनुसूची ५३ बमोजिमको मुचुल्का गर्नुपर्नेछ र सो मुचुल्कामा आफ्नो सही गरी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सही गराउनुपर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) र (२) बमोजिमको घटनाको प्रतिवेदन निर्वाचन अधिकृतलाई तुरुन्त दिनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएमा वा उपदफा (३) बमोजिम मतदान रद्द भएमा निर्वाचन अधिकृतले पुनः मतदान गर्ने मिति र समय तोक्नुपर्नेछ र सोको सूचना निर्वाचन अधिकृतको कार्यालयमा र सम्बन्धित मतदानकेन्द्रमा प्रकाशित गर्नुपर्नेछ ।

९९. **मतदानकेन्द्रमा अनधिकृत कब्जा भएमा प्रतिवेदन दिने:** (१) मतदान अधिकृतले देहायबमोजिम मतदानकेन्द्रको अनधिकृत कब्जा भएमा सोको प्रतिवेदन निर्वाचन अधिकृतलाई तुरुन्त दिनुपर्नेछः

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदानकेन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा, वा

(ख) कुनै उम्मेदवारका समर्थक मतदाताहरुलाई मात्र मतदान गर्न दिएमा, वा

(ग) अन्य मतदाताहरुलाई मतदान गर्न नदिएमा, वा

(घ) मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर, त्रास वा धम्की दिएमा, वा

(ङ) मतदान गर्नको लागि मतदानकेन्द्र वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा, वा

(च) मतदान कार्य सञ्चालन गर्न खटिएको अधिकारी वा कर्मचारीलाई आफ्नो कर्तव्य पालन गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतदानसम्बन्धी सामग्री खोसेमा वा अन्य त्यस्तै दुष्कार्य गरी मतदानको कार्य निष्पक्ष वा स्वतन्त्र रुपमा सामान्य ढङ्गले वा हुन नसक्ने गरी प्रभावित गरेमा ।

(२) निर्वाचन अधिकृतले मतदानकेन्द्रको अनधिकृत कब्जा भएको प्रतिवेदन परिषद्मा तुरुन्त दिनुपर्नेछ ।

(३) मतदानकेन्द्रको अनधिकृत कब्जा भएको उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएमा परिषद्ले स्वयं सो प्रतिवेदनसम्बन्धी घटनाको जाँच गर्नसक्नेछ । परिषद्ले स्वयं जाँच नगर्ने भएमा स्वयं निर्वाचन अधिकृतले सो घटनाको जाँच गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको जाँचको आधारमा निर्वाचन अधिकृतले सो मतदानकेन्द्रको मतदान रद्द गर्नुपर्ने भएमा सोको निर्णय गरी सो मतदानकेन्द्रको मतदान रद्द गर्नुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम मतदान रद्द गरिएको मतदानकेन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान गर्ने मिति र समय तोक्नुपर्नेछ र सोको सूचनाको एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा र अर्को एक प्रति मतदान रद्द गरिएको मतदानकेन्द्रमा समेत प्रकाशित गर्नुपर्नेछ ।

१००. **मतदानकेन्द्रमा र त्यसको नजिक शान्ति भङ्ग गर्न नदिने:** मतदान कार्य प्रारम्भ हुनुभन्दा ४८ घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म मतदानको काममा वा मतदातालाई वा मतदानकेन्द्रमा मतदानको काममा कार्यरत व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी मतदानकेन्द्र रहेको घर, भवन वा ठाउँ र सोको वरिपरि कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा कसैले कुनै काम गरी शान्ति भङ्ग गर्ने वा गराउने प्रयास गरेमा मतदान अधिकृतले सो गर्न दिनु हुँदैन ।

१०१. **हात–हतियार लिएर हिँड्न वा प्रयोग गर्न नदिने:** मतदान अधिकृतले मतदानकेन्द्र र सो मतदानकेन्द्रको वरिपरि कसैलाई कुनै प्रकारको हात–हतियार वा विषालु वा विस्फोटक पदार्थ लिएर हिँड्न वा पड्काउन वा प्रयोग गर्न दिनु हुँदैन ।

१०२. **उम्मेदवार वा निजको प्रतिनिधि मतपेटिकाको साथ लागी मतदान अधिकृतसँग आउन सक्ने:** (१) मतदानको काम समाप्त भएपछि मतदान अधिकृतले मतदानकेन्द्रबाट मतपेटिका लिएर निर्वाचन अधिकृतको कार्यालयतर्फ जानुपर्ने भएमा उम्मेदवार वा निजका निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिहरु मतपेटिकाको सुरक्षाको लागि मतदान अधिकृतसँगै जान चाहेमा मतदान अधिकृतले आफूसँग आउन दिनुपर्नेछ र मतपेटिका राखेको ठाउँमा मतपेटिका कोठा बाहिर बस्न वा सुत्न चाहेमा सो कुराको अनुमति पनि दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान अधिकृतसँग आउने व्यक्तिलाई कुनै अवस्थामा पनि मतपेटिका समाउन वा छुन दिनु हुँदैन ।

१०३ **मत भएको मतपेटिका लगायतका निर्वाचन सामग्री बुझाउने, बुझ्ने:** (१) मतदान अधिकृतले मतदानकेन्द्रबाट ल्याएको मतपत्र भएको मतपेटिका, रित्तो मतपेटिका, मत संकेत गर्ने सामग्री, प्रयोग नभएको मतपत्र र खामबन्द गरिएका सम्पूर्ण कागजातहरु, आदि निर्वाचन अधिकृतको कार्यालयमा बुझाउनुपर्नेछ ।

(२) यसरी मतदान अधिकृतले बुझाउन ल्याएको निर्वाचनसम्बन्धी सामान निर्वाचन अधिकृत वा निजले खटाएको कर्मचारीले बुझी अनुसूची ५४ बमोजिम भरपाई/निस्सा दिनुपर्दछ ।

(३) मतपेटिका ल्याउँदा बाटोमा मतपेटिकाको लाहाछाप टुटेफुटेको देखिएमा मतदान अधिकृतले त्यसको प्रतिवेदन निर्वाचन अधिकृतलाई दिनुपर्नेछ र निर्वाचन अधिकृतले पनि मतदान अधिकृतसँग साथ लागी आएको उम्मेदवारहरु वा निजका निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिहरुबाट समेत सो कुराको जानकारी वा प्रतिवेदन लिनुपर्नेछ ।

१०४ **मतपेटिका बन्द गरेको सिलछाप टुटफुट भएमा गर्ने:** दफा १०३ को उपदफा (३) बमोजिमको प्रतिवेदनबाट कसैको गफलतले मतपेटिका बन्द गरेको लाहाछाप वा सिलछाप टुटफुट भएको होइन भन्ने कुरा प्रमाणित भएमा बाहेक मतपेटिकाको बन्धन वा लाहाछाप वा सिलछाप जानाजानी टुटाएको फुटाएको प्रमाणित भएमा वा आशंका लागेमा निर्वाचन अधिकृतले परिषद्/संस्थामा सो कुराको प्रतिवेदन तुरुन्त दिनुपर्नेछ र त्यस्तो अवस्थामा यथार्थ बुझी निर्णय गर्नुपर्नेछ ।

१०४क. * यस परिच्छेदका माथिका नियमहरुमा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि विद्युतीय उपकरण वा इन्टरनेटको माध्यमबाट मतदान गर्न सक्ने व्यवस्था गरिएको अवस्थामा मतदान विधि तथा अन्य व्यवस्था निर्वाचन अधिकृतको परामर्शमा परिषदले तोके बमोजिम हुनेछ ।

## परिच्छेद–८
## मतगणना

१०५. **मतपेटिका राख्ने तथा मतगणना गर्ने ठाउँको व्यवस्था गर्ने:** निर्वाचन अधिकृतले मतदानकेन्द्रबाट मतदान अधिकृतले ल्याएको मतदानको लागि प्रयोग भएको मतपेटिका राख्ने ठाउँ तथा मतगणना गर्ने स्थान र त्यस स्थानमा सुरक्षाको प्रबन्ध मतपेटिकाहरु सङ्कलन गर्नुभन्दा पहिले नै मिलाउनुपर्नेछ । यस्तो प्रबन्ध गर्ने सम्बन्धमा परिषद्/संस्थाको सहयोग लिनुपर्दछ । परिषद्/संस्थाले पनि आवश्यक सहयोग गर्नुपर्दछ ।

१०६ **मत भएको मतपेटिका सङ्कलन गरी सुरक्षित राख्ने:** (१) निर्वाचन अधिकृतले मतदानकेन्द्रबाट मतपेटिका सङ्कलन गर्न विशेष प्रबन्ध गरी मतपेटिकाको सङ्कलन गर्नुपर्नेछ । सोको जानकारी मतदान गर्नु गराउनु पूर्व मतदान अधिकृतले पनि लिई राख्नुपर्दछ ।

(२) मतदान अधिकृतले निर्वाचन अधिकृतको कार्यालयलाई हस्तान्तरण गरेका मत भएका मतपेटिकाहरु निर्वाचन अधिकृतले सङ्कलन गरी एउटै ठाउँमा सुरक्षित राख्नुपर्नेछ । त्यसरी मतपेटिका राखेको कोठाको झ्याल र ढोकामा बलियो र ताला चुकुल लगाई मुल ढोकामा आफ्नो लाहाछाप समेत लगाउनुपर्नेछ । सो ठाउँमा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले आफ्नो लाहाछाप लगाउन चाहेमा सो समेत लगाउन दिनुपर्नेछ । यसरी लाहाछाप लगाएको अनुसूची ५५ बमोजिमको मुचुल्का गरी त्यसमा निर्वाचन अधिकृतले आफ्नो सही गर्नुपर्नेछ र उम्मेदवारको वा निजको निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधिको समेत सही गराउनुपर्नेछ ।

(३) मतपेटिका राखेको कोठा बाहिर उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधि बस्न वा सुत्न चाहेमा निर्वाचन अधिकृतले सो कुराको अनुमति पनि दिनुपर्नेछ ।

(४) मतगणनाको लागि मतपेटिका राखेको कोठा खोल्नु परेमा उपदफा (२) बमोजिमको लाहाछाप जाँचनुपर्नेछ र लाहाछाप तोडी कोठा खोलेको अनुसूची ५६ बमोजिमको मुचुल्का गर्नुपर्नेछ । त्यस्तो मुचुल्कामा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधि समेतको सही गराउनुपर्नेछ ।

---

* पहिलो संशोधनद्वारा थप गरिएको ।

१०७ **मतगणनाको प्रबन्ध:** (१) मतगणनाको कार्य निर्वाचन अधिकृतको कार्यालय रहेको भवनमा गरिने प्रबन्ध मिलाइनेछ । कुनै कारणवस उक्त स्थान उपयुक्त नभएमा निर्वाचन अधिकृतले उपयुक्त ठहऱ्याएको स्थानमा मतगणना गर्नुपर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतदान भएका मतपेटिकाहरु प्राप्त भइसकेपछि तुरुन्त मतगणना गर्ने कर्मचारी र स्थानको प्रबन्ध गर्नुपर्नेछ र दफा १०८ बमोजिमको कार्यविधि अनुसार मतगणनासम्बन्धी कारबाही गर्नुपर्नेछ ।

१०८ **मतगणना प्रारम्भ हुने सूचना प्रकाशित गर्ने:** (१) मतदानको लागि प्रयोग भएका सबै मतपेटिकाहरु सबै मतदानकेन्द्रबाट प्राप्त गरिसकेपछि निर्वाचन अधिकृतले मतगणना गर्ने स्थान, मिति र समय समेत उल्लेख गरी अनुसूची ५७ बमोजिमको सूचना आफ्नो कार्यालयमा प्रकाशित गर्नुपर्नेछ । पुन: मतदान भएको अवस्थामा सम्पूर्ण मतपेटिकाहरु निर्वाचन अधिकृतको कार्यालयमा प्राप्त भएपछि मात्र उक्त सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा उम्मेदवारले मतगणना गर्ने स्थानमा आफ्नो मतगणना प्रतिनिधि राख्न चाहेमा सो प्रतिनिधि नियुक्त गरी पठाउनुपर्ने कुरा समेत उल्लेख गर्नुपर्नेछ ।

१०९ **मतगणना गर्ने स्थान:** (१) निर्वाचन अधिकृतले मतगणनाको लागि एउटै कोठामा वा ठाउँमा मतगणना गर्ने व्यवस्था गर्नुपर्नेछ । एउटै कोठा वा ठाउँमा मतगणना गर्नको लागि पर्याप्त ठाउँ नपुगेमा अर्को कोठा वा ठाउँमा पनि मतगणना गर्न सकिनेछ । तर छुट्टाछुट्टै घर वा ठाउँमा मतगणना गर्नु हुँदैन ।

(२) मतगणना गर्ने स्थानमा प्रकाश वा बत्तीको पर्याप्त व्यवस्था गर्नुपर्नेछ । बिजुली भएको ठाउँमा पनि अपर्झट बिजुली बन्द हुने सम्भावना भएको तर राती पनि मतगणना गर्नुपर्ने भएमा बत्ती/प्रकाशको व्यवस्था समेत मिलाउनुपर्नेछ ।

११० **मतगणना गर्ने स्थानमा मतगणना प्रतिनिधि राख्ने:** (१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतगणना गर्ने स्थानमा उम्मेदवारको प्रतिनिधित्व गर्न र मतगणनाको लागि उम्मेदवारले गर्नुपर्ने काम गर्न मतगणना प्रतिनिधि राख्न सक्नेछ ।

(२) मतगणना गर्ने प्रत्येक टोलीको लागि प्रत्येक उम्मेदवारको एक पटकमा एकजना मतगणना प्रतिनिधि मात्र राख्न सकिनेछ ।

१११. **मतगणना गर्ने स्थानमा प्रवेश:** निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा निम्नलिखित व्यक्ति बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न अनुमति दिनु हुँदैन:

(क) मतगणना गर्न निर्वाचन अधिकृतबाट अनुमति पाएका कर्मचारी,

(ख) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,

(ग) निर्वाचन अधिकृतबाट अनुमति पाएको व्यक्ति,

(घ) परिषद्‌बाट खटिएको वा अनुमति पाएको कर्मचारी वा व्यक्ति ।

११२. **अनुमतिपत्र दिने:** (१) निर्वाचन अधिकृतले दफा १११ बमोजिम मतगणना गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिएका व्यक्तिहरुलाई अनुसूची ४५ बमोजिमको अनुमतिपत्र उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र नपाएको व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न वा बस्न दिनु हुँदैन ।

११३ **मादक पदार्थ सेवन गरेको व्यक्तिलाई प्रवेश गर्न नदिने:** दफा ११२ मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन अधिकृतले मादक पदार्थ सेवन गरेको उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि र अनुमति प्राप्त गरेको व्यक्तिलाई समेत मतगणना गर्ने स्थानमा प्रवेश गर्न रोक लगाउनुपर्दछ ।

११४. **हतियार लिएको व्यक्तिलाई प्रवेश गर्न नदिने:** (१) निर्वाचन अधिकृतले अनुमति दिएका सुरक्षा कर्मचारी बाहेक घातक हतियार लिएको अन्य व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिनु हुँदैन ।

(२) हतियार लिएको व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिनुपर्ने भएमा त्यस्तो व्यक्तिले आफ्नो हतियार मतगणना गर्ने स्थानमा प्रवेश गर्नुभन्दा पहिले सो ठाउँमा सुरक्षा कार्यको लागि खटिएको सुरक्षा कर्मचारीलाई बुझाउनुपर्नेछ ।

११५. **निर्धारित समयमा मतगणना सुरु गर्ने:** (१) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गर्न दफा १०८ को उपदफा (१) बमोजिम प्रकाशित गरेको सूचनामा उल्लेख गरेको स्थान, मिति र समयमा सबै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिहरुको रोहबरमा मतगणनाको कार्य प्रारम्भ गर्नुपर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गरेको अनुसूची ५८ बमोजिमको मुचुल्का गर्नुपर्नेछ र सो मुचुल्कामा आफ्नो सही गरी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि समेतको सही गराउनुपर्नेछ ।

(३) मतगणना गर्ने स्थान कुनै पनि उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा वा उपस्थित हुन मन्जुर नगरेमा निर्वाचन अधिकृतले अनुसूची ५९ बमोजिमको मुचुल्का तयार गर्नुपर्नेछ । सो मुचुल्कामा आफ्नो सही गरी मतगणना गर्ने स्थानमा उपस्थित अन्य व्यक्तिहरुको समेत सही गराउनुपर्नेछ ।

११६. **सबै मतदानकेन्द्रको मतपत्र एकसाथ गणना गर्ने:** निर्वाचन अधिकृतले कुनै पदको निर्वाचनको लागि एकभन्दा बढी मतदानकेन्द्रमा मतदान भएको अवस्थामा सबै मतदानकेन्द्रका मतपत्रहरु वा मतपेटिका एकै ठाउँमा सङ्कलन गरी मतगणना गर्नुपर्नेछ । *विद्युतीय उपकरण वा इन्टरनेटको माध्यमबाट मतदान गर्न सक्ने व्यवस्था गरिएको अवस्थामा सो माध्यमबाट प्राप्त मतहरु मतदानकेन्द्रका मतपत्रहरु संगै गणना गर्नुपर्नेछ ।

११७. **मतपेटिकाको जाँच गर्ने:** (१) मतगणना प्रारम्भ भएको मुचुल्का गरिसकेपछि निर्वाचन अधिकृत वा निजले मतगणना गर्ने काममा खटाएको कर्मचारीले उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहबरमा मतपत्र रहेको मतपेटिकाको जाँच निम्नबमोजिम गर्नुपर्नेछ:

(क) प्रत्येक मतदानकेन्द्रको मतपेटिका खोलिएको वा फोरिएको छ छैन,

(ख) मतपेटिकामा मतपेटिकाको संख्या वा संकेत उल्लेख गरिएको छ छैन,

(ग) मतपेटिका बन्द गरेको ठाउँमा लगाएको लाहाछाप दुरुस्त छ छैन ।

(२) निर्वाचन अधिकृत वा निजले मतगणना गर्ने काममा खटाएको कर्मचारीले उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले उपदफा (१) बमोजिम मतपेटिका जाँच गरिसकेपछि मतपेटिका जाँच गरेको अनुसूची ६० बमोजिम मुचुल्का गर्नुपर्नेछ । मतगणनाको काममा खटिएको कर्मचारीको र उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सही समेत लगाउनुपर्नेछ । उम्मेदवार वा निजको प्रतिनिधिले सो मुचुल्कामा कुनै कैफियत जनाउन चाहेमा सो कैफियत जनाउन समेत दिनुपर्नेछ ।

११८. **मतगणनाको प्रक्रिया:** (१) मतपेटिकाको लाहाछाप लगायतको मतपेटिकाको अवस्था ठीक भए नभएको जाँचेको मुचुल्का गरिसकेपछि सो मतपेटिकामा लगाएको लाहाछाप तोडी खोल्नुपर्नेछ । मतपेटिकामा रहेका सबै मतपत्रहरु मतगणना गर्ने टेबुल वा स्थानमा खन्याउनुपर्नेछ । मतपत्र खन्याई रित्तो भएको मतपेटिका उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई देखाउनुपर्नेछ ।

---

* पहिलो संशोधनद्वारा संशोधित तथा थप गरिएको ।

(२) पट्याइएका मतपत्रहरु खोलेर संकेत गरेको भाग घोप्ट्याएर राख्नुपर्नेछ र सुविधा अनुसार ५० वा १०० मतपत्रको ठेली बनाई छुट्याउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको मतपत्रको ठेलीवाट सदर बदर मत छुट्याउनुपर्नेछ । यसरी अलग–अलग छुट्याइएको ५० वा १०० मतपत्रहरुको ठेली बनाई बाँधी राख्नुपर्नेछ ।

(४) उपदफा (१) देखि (३) सम्ममा उल्लिखित प्रक्रियालाई अझ छोटो र सरल बनाई मतगणना गर्न आवश्यक ठानेमा निर्वाचन अधिकृतले तत्काल संक्षिप्त कार्यविधि अपनाई मतगणना गर्न सक्नेछ।

११९ **प्रतिनिधिलाई मतपत्र देखाउने:** निर्वाचन अधिकृत वा निजले खटाएको गणक कर्मचारीले मतगणना गर्दा सदर तथा बदर मतपत्र उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई देखाउनुपर्दछ । तर सो मतपत्र निजलाई समाउन वा छुन दिनु हुँदैन ।

१२०. **बदर मतपत्र:** मतगणना गर्दा देहायबमोजिमको मतपत्र बदर गर्नुपर्नेछः–

(क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,

(ख) प्राथमिकता कम एक वाट शुरु नभएको

(ग) मतपत्र च्यातिएको वा फोहोर गरेको,

(घ) मत संकेत गर्ने कोठामा प्राथमिकता नतोकी अन्यत्र तोकेको,

(ङ) मत नदिने निश्चय गरी मतदान अधिकृतलाई फिर्ता दिएको,

(च) मतदानका लागि निर्धारित गरिएको मतपत्रबाहेक अन्य मतपत्रद्वारा मतदान गरेको,

(छ) जाली मतपत्र,

(ज) सम्बन्धित मतदान अधिकृतको दस्तखत नमूना बमोजिम नभएको,

(झ) पट्टयाएको मतपत्रभित्र रुपैयाँ, कागज वा अन्य कुनै वस्तु संलग्न गरेको वा कुनै रुपमा मतपत्र च्यातेको, प्वाल पारेको,

(ञ) पट्टयाएको मतपत्रभित्र अरु मतपत्रसँगै एकसाथ पट्टयाएको,

(ट) अर्धकट्टी समेत भएको मतपत्र,

(ठ) दुई कोठामा बराबरी पारी मत संकेत गरेको,

(ड) मतपेटिका बाहिर राखेको मतपत्र ।

१२१. **मतगणना:** (१) दफा ११८ बमोजिम छुट्याइएका मतपत्रहरुमध्ये सबैभन्दा पहिले बदर मतपत्रको गणना गर्नुपर्नेछ । त्यसपछि उम्मेदवारले पाएको सदर मतको पहिलो प्राथमिकता अनुसार वर्गीकरण गरी गणना गरिनेछ ।

(२) मतगणना एकल संक्रमणीय पद्धतिअनुसार गर्नुपर्नेछ । मतगणना गर्ने तरिका अनुसूची ६१(क) मा उल्लेख भए बमोजिम हुनेछ । मतगणना गर्दा अनुसूची ६१, ६२ र ६३ वमोजिमको तालिकामा मतगणनाको परिणाम चढाउनु पर्नेछ ।

१२२. **सदर र बदर मतपत्र अलग–अलग खाममा बन्द गर्ने:** (१) निर्वाचन अधिकृतले गणना गरिसकेको मतपत्रहरुमध्ये सदर मतपत्र र बदर मतपत्र अलग–अलग खाममा बन्द गरी आफ्नो र उम्मेदवार वा निजको प्रतिनिधि समेतको लाहाछाप लगाउनुपर्नेछ ।

(२) एउटा मतपत्रद्वारा एकभन्दा बढी उम्मेदवारको निर्वाचनको लागि मतदान भएको अवस्थामा गणना गरिसकेका सबै मतपत्रहरु एउटै खाममा राखी उपदफा (१) बमोजिम लाहाछाप लगाउनुपर्नेछ ।

१२३. **मतगणना लगातार गर्ने:** निर्वाचन अधिकृतले मतगणनाको काम प्रारम्भ गरेपछि सो पदको निर्वाचनको मतपेटिकाहरुमा रहेका सबै मतपत्रहरुको गणना नसकिएसम्म मतगणनाको काम लगातार गर्नुपर्नेछ ।

१२४. **मतगणना समाप्त हुनुभन्दा पहिले मतगणनाको काम स्थगित गर्न सकिने:** (१) मतगणनाको काम समाप्त हुनुभन्दा पहिले सो मतगणनाको कार्य लगातार जारी राख्न आफ्नो काबुभन्दा बाहिरको कारणले सम्भव हुन नसक्ने भएमा निर्वाचन अधिकृतले मतगणना समाप्त हुनुभन्दा पहिले सो मतगणना कार्य स्थगित गर्नसक्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणनाको काम स्थगित गर्नु परेमा स्थगित गर्नुपर्ने कारण समेत उल्लेख गरी अनुसूची ६४ बमोजिमको मुचुल्का गर्नुपर्नेछ र सो मुचुल्कामा आफ्नो सही गर्नुपर्नेछ । सो मुचुल्कामा मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सही गराउनुपर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणना रोकिएको अवस्थामा मतगणना रोकिएको दिनको भोलिपल्ट मतगणनाको काम पुन: प्रारम्भ गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम मतगणनाको काम स्थगित गरेको र पुन: मतगणना प्रारम्भ गर्ने सम्बन्धमा निर्वाचन अधिकृतले अनुसूची ६५ बमोजिमको दुई प्रति सूचना तयार गर्नुपर्नेछ । सो सूचनाको एक प्रति मतगणना गर्ने स्थानमा सबैले देख्ने गरी प्रकाशित गर्नुपर्नेछ । यसरी मतगणना स्थगित गरेको र सो दिनको भोलिपल्ट पुन: मतगणना प्रारम्भ हुने सूचना सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई तुरुन्त दिनुपर्नेछ ।

(५) निर्वाचन अधिकृतले उपदफा (४) बमोजिम पुन: मतगणना प्रारम्भ गरेको दफा ११५ को उपदफा (२) र (३) मा उल्लेख भएबमोजिमको कार्यविधिअनुसार अनुसूची ५८ र ५९ बमोजिम आवश्यकताअनुसारको मुचुल्का गर्नुपर्नेछ ।

१२५. **बाधा गर्नेलाई मतगणना गर्ने स्थानबाट हटाउने:** (१) निर्वाचन अधिकृतले मतगणनाको काममा रोकावट गर्ने वा बाधा दिने व्यक्तिलाई सो स्थानबाट जान वा निजलाई हटाउन त्यस स्थानमा उपस्थित सुरक्षा कर्मचारीलाई आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हटाउने आदेश पाएको व्यक्ति तुरुन्त मतगणना गर्ने स्थानबाट बाहिर जानुपर्नेछ । त्यस्तो आदेश पालन नगर्ने व्यक्तिलाई निर्वाचन अधिकृतको आदेशले सो स्थानमा सुरक्षाको लागि खटिएको कर्मचारीले बलसमेत प्रयोग गरी सो स्थानबाट हटाउनेछ ।

१२६. **मतगणना समाप्त हुनुभन्दा अघि मतपत्र नोक्सान भएमा प्रतिवेदन दिने:** मतगणना समाप्त हुनुभन्दा पहिले मतदानको लागि प्रयोग गरिएको मतपत्र वा मतपत्र रहेको मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा वा खोलिएमा वा दुर्घटनावश नाश भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा वा हराएमा निर्वाचन अधिकृत मतगणना गर्न खटाएको व्यक्तिले सो मतगणनाको काम तत्काल स्थगित गर्नुपर्नेछ । सो घटनाको प्रतिवेदन मतगणकले निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले परिषद्/संस्थालाई तुरुन्त दिनुपर्नेछ ।

१२७. **मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएमा प्रतिवेदन दिने:** निम्नलिखित अवस्थामा मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएको मानिनेछ र त्यसरी मतगणना गर्ने स्थान कब्जा भएमा निर्वाचन अधिकृतले सो मतगणना तुरुन्त स्थगित गर्नुपर्नेछ र कब्जा भएको प्रतिवेदन निर्वाचन अधिकृतले परिषद्/संस्थालाई तुरुन्त दिनुपर्नेछ:

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतगणना गर्ने स्थानलाई आफ्नो कब्जामा लिएमा वा मतगणनाको काममा संलग्न अधिकारी वा कर्मचारीबाट मतपत्र वा त्यस्तो मतपत्र रहेको मतपेटिका आफ्नो कब्जामा लिएमा वा त्यस्तै अन्य कार्य गरी मतगणनाको कार्यमा दखल दिएमा वा प्रभावित गरेमा, वा

(ख) मतगणनाको कार्यमा संलग्न कुनै व्यक्तिले खण्ड (क) बमोजिमको कार्य गरेमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा वा अनुमति दिएमा ।

१२८. **पुन: मतगणना गर्न निवेदन दिने:** कुनै पदको निर्वाचनको लागि भएको मतदानको मतगणना समाप्त हुनुभन्दा पहिले वा मतगणनाको काम समाप्त भएपछि निर्वाचन परिणामको घोषणा हुनुभन्दा पहिले उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गणना गराउन चाहेमा कारण समेत खुलाई दोहोऱ्याई मतगणना गराउन अनुसूची ६६ बमोजिमको लिखित निवेदन निर्वाचन अधिकृत समक्ष तुरुन्त दिनुपर्नेछ ।

१२९. **पुन: मतगणना गर्ने:** दफा १२८ बमोजिमको निवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले सो निवेदन तुरुन्त दर्ता गर्नुपर्नेछ र सो निवेदनबमोजिम दोहोऱ्याई मतगणना गर्नुपरेमा सोहीबमोजिम निर्णय गरी त्यसको सूचना निवेदन दिने उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि र मतगणना गर्ने स्थानमा उपस्थित अन्य उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिहरुलाई समेत दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दोहोऱ्याई मतगणना गर्नुपरेमा निर्वाचन अधिकृतले पुन: मतगणना गर्ने अनुसूची ६७ बमोजिमको मुचुल्का गरी सो मुचुल्कामा आफ्नो सही गर्नुपर्नेछ र निवेदन दिने उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको र सो मतगणना गर्ने स्थानमा उपस्थित अन्य उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेतको सही गराउनुपर्नेछ । मुचुल्कामा सही गर्नुपर्ने व्यक्तिहरुले सही नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुईजनाको सही गराउनुपर्नेछ ।

१३० **पुन: मतगणना नगर्ने भएमा सूचना दिने:** दफा १२८ बमोजिमको निवेदनअनुसार दोहोऱ्याई मतगणना गर्न निर्वाचन अधिकृत सहमत नभएमा निजले सोही व्यहोराको निर्णय गरी सो स्थानमा उपस्थित निवेदन दिने उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई अनुसूची ६८ बमोजिमको सूचना दिनुपर्नेछ ।

१३१. **मत बराबर भएमा गोला हाली निर्णय गर्ने:** (१) कुनै पदको निर्वाचनको लागि मतदान गरिएको सबै मतपत्रहरुको मतगणनाको काम समाप्त भएपछि दुई वा दुईभन्दा बढी उम्मेदवारको मत बराबर भएमा निर्वाचन अधिकृतले मत बराबर पाउने उम्मेदवारहरुको बीच गोला हाली निर्णय गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गोला प्रथावाट निर्णय गरेको पार्षद निर्वाचनको उम्मेदवार वाहेक (आउट) गर्दा अनुसूची ६९ बमोजिमको मुचुल्का गर्नुपर्नेछ र सो मुचुल्कामा निर्वाचन अधिकृतले आफ्नो सही गरी मत बराबर भएका उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सही गराउनुपर्नेछ ।

(३) उम्मेदवारले आवश्यकता भन्दा बढी मत प्राप्त गर्ने मध्येवाट विजयीको क्रम तोक्ने कार्य गर्दा गोला प्रयोग गरी अनुसूची ६९ क वमोजिम मुचुल्का गर्नुपर्नेछ । सो मुचुल्कामा निर्वाचन अधिकृत तथा उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि र अन्य उपस्थित व्यक्तिको समेत सही गराउनु पर्नेछ ।

१३२. **मतगणना समाप्त भएको मुचुल्का गर्ने:** मतगणनाको काम समाप्त भएपछि निर्वाचन अधिकृतले मतगणना समाप्त भएको अनुसूची ७० बमोजिम मुचुल्का गर्नुपर्नेछ र सो मुचुल्कामा आफ्नो सही समेत गर्नुपर्नेछ । सो मुचुल्कामा मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सही गराउनुपर्नेछ ।

१३३. **मतगणना तालिका तयार गर्ने:** (१) निर्वाचन अधिकृतले दफा १३२ बमोजिमको कार्यको मुचुल्का गरिसकेपछि अध्यक्ष उपाध्यक्षको हकमा मतगणनाको अनुसूची ७१ बमोजिमको दुई प्रति मतगणना तालिका तयार गर्नुपर्नेछ । सो मतगणना तालिकामा निर्वाचन अधिकृतले आफ्नो सही गर्नुपर्नेछ र उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सही गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मतगणना तालिकाको एक प्रति परिषद्⁄संस्थामा तुरुन्त पठाउनुपर्नेछ ।

१३४. **निर्वाचन परिणामको घोषणा:** (१) निर्वाचन अधिकृतले दफा १३३ बमोजिमको मतगणना तालिका तयार गरिसकेपछि सो मतगणना तालिकाको आधारमा अनुसूची ७२ बमोजिम तीन प्रति निर्वाचन परिणाम तयार गरी सो निर्वाचन परिणामको घोषणा गर्नुपर्दछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचन परिणामको घोषणा गर्दा सबै भन्दा बढी सदर मत पाउने उम्मेदवारको क्रमानुसार निर्वाचित भएको घोषणा गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्वाचन परिणामको घोषणाको तीन प्रति बनाई एक प्रति निर्वाचन अधिकृतको कार्यालयमा तुरुन्त प्रकाशित गर्नुपर्नेछ । एक प्रति संस्थामा पठाउने र एक प्रति अभिलेखको रुपमा राख्नुपर्नेछ ।

१३५ **प्रमाणपत्र दिने:** (१) निर्वाचन अधिकृतले निर्वाचन परिणामको घोषणा गरिसकेपछि विजयी उम्मेदवारलाई अनुसूची ७३ बमोजिमको प्रमाणपत्र दिनुपर्नेछ ।

(२) निर्वाचन अधिकृतले विजयी उम्मेदवारको प्रमाणपत्र ३ (तीन) प्रति तयार गरी १ (एक) प्रति विजयी उम्मेदवारलाई प्रदान गर्ने, १ (एक) प्रति परिषद्⁄संस्थामा पठाउने र बाँकी १ (एक) प्रति अभिलेखको लागि सुरक्षितसाथ राख्नुपर्नेछ ।

(३) निर्वाचन परिणामको घोषणा भएको मिति नै उम्मेदवार निर्वाचित भएको मिति मानिनेछ ।

**१३५क शपथ ग्रहण** (१) दफा १४५ (३) बमोजिम निर्वाचित अध्यक्षलाई महालेखापरीक्षकबाट पद तथा गोपनियताको शपथ ग्रहण गराइने छ ।

(२) दफा १४५ (३) बमोजिम निर्वाचित उपाध्यक्ष तथा दफा १३४ बमोजिम निर्वाचित पार्षदहरुलाई अध्यक्षबाट पद तथा गोपनियताको शपथ ग्रहण गराइने छ ।

(३) पद तथा गोपनियताको शपथ ग्रहणको ढाँचा अनुसूची ८१ बमोजिम हुनेछ ।

## परिच्छेद–९
## अध्यक्ष तथा उपाध्यक्षको निर्वाचन

१३६. **प्रत्येक आषाढमा अध्यक्ष र उपाध्यक्षको निर्वाचन:** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ८५ बमोजिम निर्वाचित पार्षद तथा नेपाल सरकारबाट मनोनित पार्षदहरूले संस्थाका फेलो चार्टर्ड एकाउन्टेन्ट्स पार्षदहरुमध्येबाट प्रत्येक वर्षको आषाढ महिनाभित्र अध्यक्ष र उपाध्यक्षको निर्वाचन गर्नेछन् ।

१३७. **निर्वाचन प्रक्रिया:** अध्यक्ष तथा उपाध्यक्षको निर्वाचन गोप्य मतदान तथा सामान्य बहुमतको आधारमा सम्पन्न गर्नुपर्नेछ । निर्वाचन कार्यक्रम तोकेपछि दफा २४ देखि दफा ५० सम्मको निर्वाचन प्रक्रियाद्वारा निर्वाचन कार्य गर्नुपर्नेछ ।

१३७क.* विद्युतीय उपकरण वा इन्टरनेटको माध्यमबाट मतदान गर्न सक्ने सम्बन्धी व्यवस्था: यस कार्यविधिमा अन्यत्र जेसुकै लेखिएको भएतापनि अध्यक्ष तथा उपाध्यक्षको निर्वाचनको मतदानको प्रयोजनको लागि विद्युतीय उपकरण वा इन्टरनेटको माध्यमको प्रयोग गर्न सकिनेछ । यस सम्बन्धी अन्य प्रक्रिया निर्वाचन अधिकृतको परामर्शमा परिषदले तोकेबमोजिम हुनेछ ।

१३८. **मतदानकेन्द्र:** यस परिच्छेद बमोजिमको निर्वाचनको लागि मतदानकेन्द्र निर्वाचन अधिकृतको कार्यालयमा रहनेछ ।

१३९ **निर्वाचन मिति तोक्ने:** निर्वाचन अधिकृतले यस परिच्छेद बमोजिमको निर्वाचन आषाढ मसान्तभित्र सम्पन्न हुने गरी दफा २४ बमोजिम निर्वाचन कार्यक्रम प्रकाशन गर्नुपर्नेछ ।

* पहिलो संशोधनद्वारा थप गरिएको ।

१४०. **उम्मेदवारको अयोग्यता:** संस्थाको फेलो चार्टर्ड एकाउन्टेन्ट भईसके पश्चात् पेशागत प्रमाणपत्र लिई कम्तिमा पाँच वर्ष भएको र लेखा व्यवसाय प्रमाणपत्र वहाल रहेको पार्षदले बाहेक अरुले अध्यक्ष वा उपाध्यक्षको निर्वाचनको लागि उम्मेदवार हुन पाउने छैन ।

१४१. **उम्मेदवार मनोनयन गर्ने:** अध्यक्ष तथा उपाध्यक्ष पदको निर्वाचनको लागि एकजना पार्षदले कुनै एक उम्मेदवारलाई प्रस्तावक वा समर्थकको रुपमा उम्मेदवार मनोनयन गर्न सक्नेछ ।

तर, उम्मेदवार आफु उम्मेदवार भएको पद वाहेक अन्य पदका उम्मेदवार कसैको प्रस्तावक वा समर्थक हुन पाउछ ।

१४२. **मनोनयनपत्र दाखिला गर्ने:** मनोनयनपत्रसाथ उम्मेदवार हुनेले अध्यक्ष पदको लागि रु.२,०००।– (अक्षेरुपी दुईहजार रुपैयाँ मात्र) र उपाध्यक्ष पदको लागि रु.२,०००।– (अक्षेरुपी दुईहजार रुपैयाँ) उम्मेदवारी शुल्क बुझाउनुपर्नेछ ।

१४३. **मतदानको तरिका:** (१) मतदाताले जुन उम्मेदवारलाई मत दिने हो मतपत्रमा सो उम्मेदवारको नामसँगै रहेको मत संकेत गर्ने स्थानमा स्वस्तिक (卐) छाप लगाई मतदान गर्नुपर्नेछ ।

(२) मतपत्रमा मतसंकेत गरिसकेपछि मतदाताले सो मतपत्रमा गरेको मत संकेत अरुले नदेख्ने गरी मतपत्र पट्याउनुपर्नेछ र सो मतपत्र मतदान गर्ने गोप्य कोठा बाहिर राखेको मतपेटिकाभित्र खसाली तुरुन्त मतदान केन्द्रबाट बाहिर जानुपर्नेछ ।

१४४. **निर्वाचनसम्बन्धी अन्य प्रक्रिया:** अध्यक्ष तथा उपाध्यक्षको निर्वाचनसम्बन्धी अन्य प्रक्रिया यसै कार्यविधिबमोजिम हुनेछ । तर, निर्वाचन अधिकृतले यस कार्यविधि बमोजिम आवश्यक ठानेका कार्यविधि र अनुसूची मात्र प्रयोगमा ल्याउन सक्नेछ ।

१४५. **मतगणना गर्ने गरिका:** (१) निर्वाचन अधिकृतले सबै मतपत्र जाँचनेछ र दफा १२० बमोजिम बदर गर्नुपर्ने मतपत्रहरु छुट्याई बदर भएको मतपत्रहरु एउटा छुट्टै खाममा राखी लाहाछाप लगाउनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम बदर मतपत्रको गणना सकिएपछि प्रत्येक उम्मेदवारले प्राप्त गरेको सदर मतको गणना गर्नुपर्नेछ ।

(३) परिषद्‌को अध्यक्ष वा उपाध्यक्ष पदको निर्वाचनमा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको मानिनेछ ।

(४) अध्यक्ष उपाध्यक्षको निर्वाचन हुँदा मत वरावर भएमा गोला हाली अनुसूची ६९ख अनुसार निर्णय गरिनेछ । गोलावाट एक मत बढी पाएको मानिनेछ ।

## परिच्छेद–१०
## विविध

१४६. **प्रचार गर्न निषेध गरेको जानकारी गराउने:** (१) निर्वाचनको लागि मतदान हुने दिनभन्दा ४८ ( अड्चालीस) घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म निर्वाचन हुने पदको लागि निर्धारित क्षेत्रभित्र कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मत लिने वा दिने उद्देश्यले कुनै प्रकारले पनि कुनै किसिमको प्रचार गर्नु वा गर्न दिनुहुँदैन । *उदाहरणार्थ उपदफा (१) को प्रयोजनको लागि शुक्रबार मतदान हुने रहेछ भने सोभन्दा पहिलेको मङ्गलबार राती १२ बजेपछि प्रचार निषेध गरिएको सम्झिनुपर्नेछ ।*

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम प्रचार नगर्ने सम्बन्धमा उम्मेदवार वा निजको प्रतिनिधिहरुलाई पहिले नै जानकारी गराउनुपर्नेछ र तत्सम्बन्धी सूचना आफ्नो कार्यालयमा पनि प्रकाशित गर्नुपर्नेछ ।

१४७. **उम्मेदवार हुन निर्वाचन दस्तुर बुझाउनुपर्ने:** (१) निर्वाचनमा उम्मेदवार हुनको लागि मनोनयनपत्र साथ निर्वाचन दस्तुर दफा २९ बमोजिम दाखिला गरेको प्रमाण राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रकम निर्वाचन अधिकृतले तोकेको स्थानीय बैंकमा जम्मा गर्न सकिनेछ अथवा निर्वाचन अधिकृतको कार्यालयमा नगद दाखिला गर्न सकिनेछ ।

१४८. **निर्वाचन खर्चको विवरण लिने:** (१) उम्मेदवारले निर्वाचनको अवधिमा निर्वाचनको काममा खर्च गर्न पाउने अधिकतम रकम रु.७५,०००।– (पचहत्तर हजार रुपैयाँ) तोकिएको छ ।

(२) उम्मेदवारले निर्वाचनको अवधिमा निर्वाचनको काममा खर्च गरेको रकमको फाँटवारी अनुसूची ७४ बमोजिमको ढाँचामा राख्नुपर्नेछ । निर्वाचन परिणाम घोषणा भएको मितिले तीस (३०) दिनभित्र अनुसूची ७५ बमोजिमको ढाँचामा निर्वाचन खर्चको विवरण निर्वाचन अधिकृतलाई दिनुपर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको निर्वाचन खर्चको विवरण जाँची प्रतिवेदन सहित परिषद्मा पठाउनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिमको म्यादभित्र निर्वाचन खर्चको विवरण दाखिल नगर्ने उम्मेदवारलाई रु.५,०००।– (पाँचहजार रुपैयाँ) सम्म जरिबाना हुनेछ ।

१४९. **मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य सहायक कर्मचारी नियुक्ति गर्ने:** (१) निर्वाचन अधिकृतले मतदानकेन्द्रमा मतदान कार्य सञ्चालनको लागि परिषद/संस्थासँग परामर्श गरी आवश्यकता अनुसार संस्थाका कर्मचारी अनुसूची ७६ बमोजिम नियुक्त गर्नेछ ।

(२) संस्थाका कर्मचारीहरु निर्वाचनका लागि अपर्याप्त भएमा वा परिषद्/संस्थाले आवश्यकता अनुसार उपलब्ध गराउन नसक्ने भएमा निर्वाचन अधिकृतले सरकारी निकायमा निर्वाचनलाई चाहिने अधिकृत तथा सहायक कर्मचारी उपलब्ध गराइदिन लिखित अनुरोध गर्नेछ ।

(३) सामान्यतया अधिकृत कर्मचारीलाई मतदान अधिकृत र अन्य कर्मचारीलाई सहायकको रुपमा नियुक्त गरिनेछ ।

(४) निर्वाचन अधिकृतले मतदान अधिकृत र निजको टोलीमा काम गर्ने सबै कर्मचारीहरुबीच समन्वय गराई निर्वाचनसम्बन्धी कुराको पारस्परिक जानकारी गराउनुपर्नेछ ।

१५०. **मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारीलाई प्रशिक्षण दिने:** निर्वाचन अधिकृतले मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहायक कर्मचारीलाई मतदानकेन्द्रमा खटाउनुभन्दा पहिले निजहरुलाई दुई दिनसम्म निर्वाचनसम्बन्धी निम्न विषयमा प्रशिक्षण दिनुपर्नेछः–

(क) निर्वाचन अधिकृतले गर्नुपर्ने भनी कार्यविधिमा उल्लिखित कामहरु,

(ख) मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहायक कर्मचारीले गर्नुपर्ने कामहरु,

(ग) मतदानकेन्द्र र गोप्य मतदान कक्षहरु बनाउने कामहरु,

(घ) मतपेटिका, मत संकेत गर्ने कलम, मसी, छाप, छापदानी राख्ने ठाउँ बनाउने कामहरु,

(ङ) मतदानको लागि खुला रहेको मतपेटिका बन्द गर्ने विधि,

(च) मतदाताको नाम रुजु गर्ने,

(छ) मतदाताको सदस्य परिचयपत्रमा छाप/चिनो लगाउने प्रक्रिया,

(ज) मतदाताहरुलाई मतपत्र उपलब्ध गराउने प्रक्रिया,

(झ) गोप्य मत संकेत गर्ने ठाउँ बनाउने विधि,

(ञ) पुनः मतदान गराउनुपर्ने अवस्थामा अपनाउनुपर्ने कार्यविधि,

(ट) निर्वाचन आचारसंहिता सम्बन्धी,

(ठ) मतगणना सम्बन्धी,

(ड) मतदानकेन्द्रमा गर्नुपर्ने अन्य कार्य,

(ढ) मतदान अधिकृत, सहायक मतदान अधिकृत र सहायक कर्मचारीले निर्वाचन कार्यसम्बन्धी पालना गर्नुपर्ने कर्तव्य ।

१५१. **सहायकलाई मतदानसम्बन्धी कामको जानकारी गराउने:** मतदान अधिकृतले आफूसँग काम गर्ने सहायक कर्मचारीहरुलाई र मतदानकेन्द्रमा खटिएको सुरक्षा कर्मचारीहरुलाई निजले गर्नुपर्ने कामको सम्बन्धमा जानकारी गराउनुपर्नेछ ।

१५२. **मतदान अधिकृतको अशक्ततामा काम गर्ने:** मतदान अधिकृत मतदानकेन्द्रमा नै अशक्त भई मतदान कार्य सुचारु रुपले सञ्चालन गर्न असमर्थ भएको व्यहोरा मतदान केन्द्रमा खटिएका सुरक्षाकर्मी, सो मतदान केन्द्रका कर्मचारी, उम्मेदवार वा निजका आधिकारिक प्रतिनिधिहरु र उपस्थित मतदाताहरुले मुचुल्का गरेमा सहायक मतदान अधिकृतलाई बाँकी कार्य सम्पन्न गर्न मतदान अधिकृतलाई भए सरहको अधिकार हुनेछ ।

१५३. **सुरक्षा व्यवस्था:** (१) मतदानकेन्द्रमा सुरक्षाको आवश्यक परेमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी र जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गरिनेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतदानकेन्द्रको लागि सुरक्षा आवश्यक पर्ने भएमा व्यवस्था गरी सोको जानकारी सम्बन्धित मतदान अधिकृतलाई समेत दिनुपर्नेछ ।

(३) मतदानकेन्द्रमा खटिएको सुरक्षा कर्मचारीले मतदानकेन्द्र र सो मतदानकेन्द्रको वरिपरिको क्षेत्रमा अशान्ति र हुलदङ्गा हुन दिनुहुँदैन । मतदानकेन्द्रमा खटिएका कर्मचारीहरु, मतदान गर्न उपस्थित भएका मतदाताहरु तथा मतदानको लागि राखिएको मतपेटिका, मतपत्र र अन्य निर्वाचन सामग्रीको सुरक्षा गर्नुपर्नेछ । सुरक्षा कर्मचारीले निर्वाचनको सिलसिलामा निर्वाचन अधिकृत र मतदान अधिकृतले दिएको आदेशको तुरुन्त पालना गर्नुपर्नेछ ।

१५४. **निर्वाचन प्रतिनिधिको नियुक्ति:** (१) उम्मेदवारले निर्वाचनको कामको लागि आफूले गर्नुपर्ने काम गर्न निर्वाचन प्रतिनिधिको नियुक्ति गर्नसक्नेछ । यस्तो प्रतिनिधि संस्थाको सदस्य भएको हुनुपर्नेछ ।

(२) उम्मेदवारले उपदफा (१) बमोजिम निर्वाचन प्रतिनिधि नियुक्त गर्नुपरेमा अनुसूची ७७ बमोजिम नियुक्त गर्नुपर्नेछ । सो नियुक्ति गरेको र बीचमा निर्वाचन प्रतिनिधिलाई हटाइएकोमा सोको जानकारी सो उम्मेदवारले लिखित रुपमा निर्वाचन अधिकृतलाई तुरुन्त जानकारी दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निर्वाचन प्रतिनिधिलाई निर्वाचन अधिकृतले अनुसूची ४५ बमोजिम अनुमति पत्र दिनुपर्नेछ ।

१५५. **मतदान प्रतिनिधिको नियुक्ति:** (१) उम्मेदवारले निजको निर्वाचन प्रतिनिधिको अतिरिक्त निर्वाचनमा मतदानकेन्द्रमा गर्नुपर्ने कामको लागि आफूले गर्नुपर्ने काम गर्न मतदान प्रतिनिधिको नियुक्ति गर्नसक्नेछ । यस्तो प्रतिनिधि संस्थाको सदस्य हुनुपर्नेछ । मत दिने कार्य भने उम्मेदवार आफैले गर्नुपर्नेछ । मतदान प्रतिनिधिमार्फत मत दिने कार्य गर्न सक्नेछैन ।

(२) उम्मेदवारले सामान्यतया एक मतदानकेन्द्रको लागि बढीमा दुईजनासम्म उपदफा (१) बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्नसक्नेछ ।

(३) उपदफा (१) बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्दा अनुसूची ७८ बमोजिम नियुक्त गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम मतदान प्रतिनिधि नियुक्त गरेको लिखित जानकारी उम्मेदवारले सम्बन्धित मतदानकेन्द्रको मतदान अधिकृतलाई तुरुन्त दिनुपर्नेछ ।

(५) उपदफा (३) बमोजिमको मतदान प्रतिनिधिलाई मतदान अधिकृतले अनुसूची ४५ बमोजिमको अनुमतिपत्र दिनुपर्नेछ ।

१५६. **मतगणना प्रतिनिधिको नियुक्तिः** (१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतगणनाको अवसरमा मतगणना गर्ने स्थानमा मतगणना सम्बन्धी कामको लागि आफूले गर्नुपर्ने काम गर्न मतगणना प्रतिनिधिको नियुक्ति गर्नसक्नेछ । यस्तो प्रतिनिधि संस्थाको सदस्य भएको हुनुपर्नेछ ।

(२) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले सामान्यतया दुईजनासम्म उपदफा (१) बमोजिमको मतगणना प्रतिनिधि नियुक्त गर्नसक्नेछ ।

(३) उपदफा (१) बमोजिम मतगणना प्रतिनिधि नियुक्त गर्दा अनुसूची ७९ बमोजिम नियुक्त गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम मतगणना प्रतिनिधि नियुक्त गरेको लिखित जानकारी निर्वाचन अधिकृतलाई दिनुपर्नेछ ।

(५) निर्वाचन अधिकृतले उपदफा (३) बमोजिमको मतगणना प्रतिनिधिलाई अनुसूची ४५ बमोजिमको अनुमतिपत्र दिनुपर्नेछ ।

१५७. **अनुमतिपत्र कायम रहने अवधिः** निर्वाचन अधिकृतले मतगणना सम्बन्धी कामको प्रयोजनको लागि वा मतदान अधिकृतले मतदानसम्बन्धी कामको प्रयोजनको लागि कुनै व्यक्तिलाई मतगणना गर्ने स्थान वा मतदानकेन्द्रमा प्रवेश गर्न अनुमति दिएको अनुसूची ४५ बमोजिमको अनुमतिपत्र मतगणनाको सम्बन्धमा मतगणनाको कार्य समाप्त नभएसम्म वा निर्वाचन अधिकृतले रद्द नगरेसम्म अथवा मतदानको सम्बन्धमा मतदानको कार्य समाप्त नभएसम्म वा मतदान अधिकृतले रद्द नगरेसम्म कायम रहनेछ ।

१५८. **उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभए पनि निर्वाचनको काम नरोकिनेः** निर्वाचनको कुनै काममा कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि उपस्थित रहनुपर्ने अवस्थामा निज उपस्थित नरहेमा वा निजले गर्नुपर्ने निर्वाचनसम्बन्धी कुनै काम नगरेमा सोही कारणले मात्र निर्वाचनको कुनै काम वा मतदान वा मतगणनाको काम रोकिने छैन ।

१५९. **निर्वाचनसम्बन्धी कागजात हेर्न सकिनेः**(१) निर्वाचन अधिकृतले निर्वाचन कार्यमा प्रयोग ल्याउनुपर्ने कागजात र प्रयोगमा ल्याएका कागजातहरु, मतदान कार्यमा प्रयोगमा ल्याएका कागजात र मतगणनाको प्रयोजनको लागि प्रयोग गर्नुपर्ने र प्रयोग भएका कागजातहरु कार्यविधि बमोजिम छ छैन आवश्यकता अनुसार हेर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम खोली हेरिएका कागजातहरु मतगणनाको कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले सिलबन्दी गर्नुपर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (२) बमोजिमको कागजात परिषद्/संस्थालाई हस्तान्तरण गर्नुपर्नेछ ।

१६०. **निर्वाचनसम्बन्धी कागजात गोप्य राख्नेः** निर्वाचनमा प्रयोग भएका कागजातहरु मतगणनाको कार्य समाप्त भएपछि मतपत्रको अर्धकट्टी, मतदानमा प्रयोग गरिएको मतदाता नामावली, सदर र बदर मतपत्रहरु लगायत निर्वाचनमा तयार गरिएका कागजातहरुलाई कसैले खोल्न र हेर्न नपाउने गरी खाममा सिलबन्दी गरी राख्नुपर्नेछ । यस्ता निर्वाचनसम्बन्धी सम्पूर्ण कागजातहरु निर्वाचन अधिकृतको कार्यालय खारेज भएपछि निर्वाचन अधिकृतले परिषद्/संस्थामा बुझाउनुपर्नेछ । यी कागजात परिषद्/संस्थाको कार्यालयमा गोप्य रुपमा राखिनेछ । *निर्वाचनमा प्रयोग भएका कागजातहरु मतगणनाको कार्य समाप्त भएको एक वर्ष पछि धुल्याउन सकिनेछ । तर निर्वाचन सम्बन्धी विषयमा कुनै उजुरी वा मुद्दा परी उजुरी वा मुद्दा विचाराधीन रहेको अवस्थामा त्यस्तो उजुरी वा मुद्दा सम्बन्धित निकाय वा अदालतबाट भएको अन्तिम फैसला वा अन्तिम आदेश भएको एक वर्ष पुरा भएपछि मात्र धुल्याउन सकिनेछ ।

---

* पहिलो संशोधनद्वारा थप गरिएको ।

१६१. **गोप्य कागजात अदालतले हेर्न सक्ने:** दफा १६० बमोजिमको गोप्य कागजात प्रचलित कानून बमोजिम मुद्दा परेमा अदालतले मात्र खोल्न वा हेर्नसक्नेछ ।

१६२. **गोप्यता भङ्ग गर्न नहुने:** निर्वाचन सम्बन्धी काम गर्न खटिएको कुनै पनि कर्मचारी वा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि वा अन्य कुनै व्यक्तिले मतपत्रमा मतदाताले संकेत गरेको मत वा तत्सम्बन्धमा आफूलाई थाहा भएको कुनै कुरा कसैलाई भन्न, लेख्न वा कुनै किसिमले प्रकाश समेत गर्नुहुँदैन ।

१६३. **अनुसूचीहरु आवश्यकता बमोजिम प्रयोग हुने:** यस कार्यविधिमा ७९ अनुसूचीहरु समावेश गरिएको छ । निर्वाचनको क्रममा निर्वाचन अधिकृतले सबै अनुसूची प्रयोगमा ल्याउन आवश्यक नदेखेमा प्रयोगमा नल्याउन पनि सक्नेछ । यस बाहेकका अनुसूची वा फाराम थप प्रयोगमा ल्याउन आवश्यक सम्झेमा प्रयोगमा ल्याउन सक्नेछ ।

१६४ **कानून विपरीत कुनै काम नगर्ने:** निर्वाचन अधिकृत वा सहायक निर्वाचन अधिकृत वा मतदान अधिकृत वा सहायक मतदान अधिकृत वा निर्वाचनको काममा खटिएको कुनै कर्मचारी वा व्यक्तिले यस कार्यविधिबमोजिम निर्वाचनको कुनै काम गर्दा प्रचलित कानूनको विपरीत हुने गरी गर्नुहुँदैन ।

१६५. **मद्दत लिन सकिने:** निर्वाचनको कामको सिलसिलामा निर्वाचन अधिकृत, मतदान अधिकृत वा अन्य कुनै अधिकारी वा कर्मचारीले स्थानीय तहमा रहेका प्रहरी लगायत कुनै पनि सरकारी वा सुरक्षासम्बन्धी निकायको मद्दत लिनसक्नेछ ।

१६६. **विभागीय कारबाही वा सजाय:** परिषद्/संस्थाले मतदाता नामावली तयार गर्ने लगायत निर्वाचनसम्बन्धी काममा नियुक्त गरेको, खटाएको वा तोकेको वा निर्वाचनसम्बन्धी परिषद्को आदेश, निर्देशन पालन गर्नुपर्ने कर्तव्य भएका कुनै कर्मचारीले त्यस्तो काम सम्पादनको सिलसिलामा प्रचलित कानून वा आदेश वा निर्देशनको जानीजानी उल्लङ्घन हुने गरी वा बदनियतले कुनै काम कारबाही गरेमा त्यस्तो कर्मचारी उपर निजको सेवा, शर्तसम्बन्धी प्रचलित कानूनबमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी सो कानूनअनुसार विभागीय कारबाही वा सजाय वा दुवै हुन सक्नेछ ।

१६७. **संक्षिप्त निर्वाचन कार्यविधि:** अध्यक्ष तथा उपाध्यक्षको निर्वाचन कार्य निर्वाचन अधिकृतले यसै कार्यविधिबमोजिमको संक्षिप्त निर्वाचन कार्यविधि अपनाई सञ्चालन गर्नसक्नेछ ।

१६८. **कानूनबमोजिम हुने:** यस कार्यविधिमा उल्लिखित कुराहरु यसै अनुसार हुनेछ । तर यस कार्यविधिमा उल्लिखित कुराहरु प्रचलित नेपाल ऐन नियमसँग बाँझेको खण्डमा बाँझिएजति प्रचलित ऐन कानूनअनुसार हुनेछ ।

१६९. **संशोधन:** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको पार्षद, अध्यक्ष, उपाध्यक्षको निर्वाचनलाई समसामयिक, वस्तुपरक, उपलब्धिमूलक, स्वतन्त्र, निष्पक्ष, अनुशासित, मर्यादित बनाउन परिषद्को सहमति लिई निर्वाचन अधिकृतले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्नसक्नेछ ।

१७०.*

* पहिलो संशोधनद्वारा खारेज गरिएको ।